# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


पत्र संख्याः २०७५/७६ मितिः २०७५/१२/२९

च.नं.

विषयः लेखापरीक्षण प्रतिवेदन ।

**श्री प्रमुखज्यू/अध्यक्षज्यू,**
**नगर/गाउँ कार्यपालिकाको कार्यालय,**

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

(सुवर्णप्रसाद ढकाल)
नायब महालेखापरीक्षक

## महालेखापरीक्षकको सन्देश



टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता ब्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

**संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय**

पत्र संख्या : २०७५।७६
चलानी नम्बर :

मितिः २०७५।१२।१७

श्री प्रमुखज्यू,
पाटन नगरपालिका,
बैतडी, सुदुरपश्चिम ।

विषय : **लेखापरीक्षण प्रतिवेदन** ।

यस कार्यालयबाट पाटन नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु.३ करोड ३५ लाख ९० हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.१५ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८२ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१४ लाख २ हजार र पेश्की रु.२४ लाख ५८ हजार रहेको छ ।

२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।

३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।६।८ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्रतिक्रिया सहितको प्रमाण कागजात पेश हुन नआएकोले बेरुजू फछ्र्यौट नभइ कायम व्यहोराहरुको अन्तिम लेखापरीक्षण प्रतिवेदन पाना २७ यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

(सुवर्णप्रसाद ढकाल)
नायव महालेखा परीक्षक

# पाटन नगरपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।७५

**परिचय :** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक अभ्यासलाई संस्थागत गरी स्थानीय सरकारले आफ्नो अधिकार क्षेत्रभित्र स्रोत साधन सङ्कलन र परिचालन गरी विकास निर्माण लगायतको काम गर्न जनताको सहभागितामा आधारिता दिगो विकासको लाभ समतामूलक तरिकाले उपभोग गर्ने कार्यको लागि यस नगरपालिकाको स्थापना भएको हो । नेपाल सरकार एवं स्थानीय तहमै उपलब्ध हुने स्रोत साधानको अधिकतम उपयोग गरी योजनावद्ध सहभागितामूलक कार्यक्रमको माध्यमबाट स्थानीय जनतालाई प्रत्यक्ष लाभ पुग्ने गरी सामाजिक आर्थिक तथा भौतिक क्रियाकलापहरु सञ्चालन गर्नु स्थानीय तहको मूख्य उद्देश्य रहेको छ । सुदुरपश्चिम प्रदेशमा अवस्थित यो नगरपालिका अन्तर्गत १० वडा, ५५ नगर सभा सदस्य, २१९.२६ वर्ग कि.मी.क्षेत्रफल र ३०,४३५ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि. नं. | आयतर्फ | | | सि. नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | २१६००६६२ | १ | चालु खर्च | २४८२३०२९५ | २४८२३०२९५ |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | १९९४४२६०७ | १९९४४२६०७ |
| | ख) बैंक | २१६००६६२ | | ३ | वित्तीय व्यवस्था भुक्तानी | | |
| २ | राजस्व (आन्तरिक आय) | | २५३८६९४ | ४ | लगानी | | |
| | क) आन्तरिक राजस्व | १७९४४८७ | | ५ | धरौटी फिर्ता | ८५२४६२ | ८५२४६२ |
| | ख) राजस्व बाँडफाँड | ७३४३९३ | | ६ | कोष खर्च | ३३७३५६३ | ३३७३५६३ |
| | ग) अन्य आय | ९८१४ | | | कर्मचारी कल्याणकारी कोष | | |
| ३ | वित्तीय हस्तान्तरण | | ४५७२१७००० | | दैवी प्रकोप कोष | ७३५००० | ७३५००० |
| | क) वित्तीय समानीकरण | २२२७२९००० | | | महामारी नियन्त्रण कोष | | |
| | ख) सशर्त अनुदान | १७९५०९००० | | | अत्यावश्यक प्रसुती सेवा | | |
| | ग) समपूरक अनुदान | | | ७ | फिता को.ले.नि.का | १६१७७९५० | १६१७७९५० |
| | घ) विशेष अनुदान | | | ८ | अन्य भुक्तानी | | |
| | ङ) एलजिसिडिपि चालु अनुदान | १५११००० | | ९ | मौज्दात | | १७६९३५१० |
| | च) एलजिसिडिपि पुजिगत | ६००००० | | | क) नगद मौज्दात | | |
| | छ) सामाजिक सुरक्षा अनुदान | ४८५७०००० | | | ख) बैंक मौज्दात | १५१४६९४१ | |
| | ज) ग्रामिण सामुदायिक | २९००००० | | | कर्मचारी कल्याणकारी कोष | ५१७४६० | |
| | झ) बहुक्षेत्रिय पोषण कार्यक्रम | १३९८००० | | | दैवी प्रकोप कोष | ६५००० | |
| ४ | प्रदेश सरकारबाट प्राप्त | | ५६५,००० | | महामारी नियन्त्रण कोष | २००००० | |
| | क) प्रोत्साहन अनुदान | ५६५,००० | | | अत्यावश्यक प्रसुती सेवा | ५०००० | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | | | ग ३ स्थानीय तह धरौटी | १७१४१०९ | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | | | | | |
| ६ | विभिन्न कोषतर्फको आय | | १५६७४६० | | | | |
| | कर्मचारी कल्याणकारी कोष | ५१७४६० | | | | | |
| | दैवी प्रकोप कोष | ८००००० | | | | | |
| | महामारी नियन्त्रण कोष | २००००० | | | | | |
| | अत्यावश्यक प्रसुती सेवा | ५०००० | | | | | |
| ८ | जनसहभागिता (नगद) | | | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त | | | | | | |
| १० | धरौटी आय | | ३०१६५७१ | | | | |
| | गत बर्षको जिम्मेवारी | १८९६५९९ | | | | | |
| | यस बर्षको आय | ६६९९७२ | | | | | |
| ११ | अन्य विविध आय युनिसेफबाट | ४५०००० | | | | | |
| | **जम्मा** | **४८,६५,०५,३८७** | **४८,६५,०५,३८७** | | **जम्मा** | **४८,६५,०५,३८७** | **४८,६५,०५,३८७** |

| बेरुजू दफा | लेखापरीक्षणबाट देखिएका व्यहोरा | रकम रु. |
|---|---|---|
| १ | **खर्च गर्ने अख्तियारी र कार्यविधि :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७३ वमोजिम सभावाट वजेट स्वीकृत भएको सात दिन भित्र प्रमुख वा अध्यक्षले प्रमुख प्रशासकिय अधिकृतलाई वजेट खर्च गर्ने अख्तियारी प्रदान गर्ने व्यवस्था छ । प्रशासकिय अधिकृतले १५ दिन भित्र वडा सचिवलाई कार्यक्रम र वजेट सहित प्रचलित कानून वमोजिम खर्च गर्ने अख्तियारी दिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७४।७५ को नगरसभा मिति २०७४।०५।०३ मा सम्पन्न भएको तथा स्थानीय सरकार संचालन ऐन, २०७४ मिति २०७४।०५।२९ गतेबाट लागु भएकाले सो कार्य हुन नसकेको व्यहोरा कार्यालयले जनाएको छ । | |
| २ | **वजेट पेश गर्ने तथा पारित गर्ने** : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ वमोजिम स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकावाट स्वीकृत गराई आषाढ १० गते भित्र सभामा पेश गर्नुपर्ने व्यवस्था छ । आय व्ययको अनुमान साथ गत वर्षको वास्तविक आय व्यय, चालु आर्थिक वर्षको अन्तिम सम्ममा हुने आय व्ययको संशोधित अनुमान तथा आगामी आर्थिक वर्षको योजना तथा कार्यक्रम र आय व्ययको अनुमानित विवरण सभामा पेश गरी १५ दिन भित्र छलफल सम्पन्न गरी आषाढ भित्र नै पारीत गर्नुपर्ने व्यवस्था छ । प्रथम नगरसभाको बैठक ढिला हुन गएकोले सो व्यहोरा कार्यान्वयन हुन नसकेको कार्यालयले जनाइएको छ । | |
| ३ | **आन्तरिक नियन्त्रण प्रणाली :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ मा स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र कार्यदक्षतापूर्ण ढंगबाट सम्पादन गर्न, वित्तीय प्रतिवेदन प्रणालीलाई विश्वसनीय वनाउन तथ प्रचलित कानून बमोजिम कार्य सम्पादन गर्न आ-आफ्ना कामको प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयन गर्नुपर्ने, आन्तरिक नियन्त्रण प्रणाली तयार गर्दा कामको प्रकृति अनुरुप जोखिम क्षेत्रको पहिचान, नियन्त्रणको वातावरण, सुचनाको आदान प्रदान, अनुगमन तथा मूल्याङ्कन जस्था बिषयलाई समेत समेट्नुपर्ने र आन्तरिक नियन्त्रण प्रणालीको अनुगमन गर्नको लागि गाँउपालिका वा नगरपालिकाको अध्यक्ष वा प्रमुख वा जिल्ला समन्वय समिति प्रमुख आफैले वा जिम्मेवार अधिकारी तोकि अनुगमन गर्ने व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ऐन बमोजिम आन्तरिक नियन्त्रण प्रणालीको स्थापना गरेको, जोखिम क्षेत्र पहिचान र नियन्त्रणका उपाय सम्बन्धमा छलफल समेत गरेको देखिदैन । कार्यालयले भ्रमण अभिलेख खाता नराखेको, मूल्यवान सवारी साधन राख्न उचित प्रवन्ध नगरेको, नापी कितावमा चेनेज रहेको स्थान उल्लेख गरी चेनेजको लगत राख्ने व्यवस्था नगरेको, खर्चको विल भर्पाई सार्वजनिकीकरण नगरेको, अख्तियार र जिम्मेवारी किटान गरी कर्मचारीको कार्यविवरण तयार नगरेको, भ्रमणमा खटाउनुपर्दा आवश्यकता र भ्रमण अवधिको एकिन गरी आवश्यक मात्रामा मात्र भ्रमण खटाउनुपर्नेमा त्यस तर्फ पुर्ण ध्यान नदिएको, आवश्यकता अनुसार भन्दा बढि भाडामा घरहरु लिई जनप्रतिनिधि एवं कर्मचारीको आवासको रुपमा प्रयोग भैरहेकोले थप व्ययभार परेको, विद्युतिय हाजिरीको प्रयोग नगरेको, ऐनले तोकेको प्रावधान पुरा गरी आन्तरिक नियन्त्रण प्रणाली थप सुदृढ गर्नुपर्ने देखिन्छ । | |
| ४ | **योजना तर्जुमा र कार्यान्वयन :** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ मा नगरपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका बिषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, बार्षिक, रणनीतिगत, विषयक्षेत्रगत मध्यकालिन तथा दीर्घकालिक योजना नेपाल सरकार र प्रदेश सरकारको निति, लक्ष्य, उद्देश्य, समयसिमा र प्रकृयासँग अनुकुल हुने गरी विभिन्न तोकिएका विषयलाई ध्यान दिई योजना बनाउनु पर्ने र योजना बनाउँदा आर्थिक विकास तथा गरिवी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमुलक र र छिटो प्रतिफत प्राप्त गर्न सकिने जनताको जिवनस्तर आम्दानी र रोजगार दिने स्थानीय वासिन्दाहरुको सहभागिता जुट्ने, लागत कम लाग्ने, स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने दिगो विकास वातावरणिय संरक्षण तथा सम्बर्धन गर्न सघाउ पुऱ्याउने आदि विषयलाई समेत ध्यान दिने उल्लेख छ । त्यसरी योजना बनाउदा मध्यम तथा दिर्घकालिन प्रकृतिको आयोजनाहरुको सूची समेत तयार गर्नुपर्ने व्यवस्था छ । त्यस्ता योजना अधिकतम सहभागितामा संचालन गर्नुपर्दछ । योजना तर्जुमा गर्दा योजनाको सम्भाव्यता अध्ययनको | |

<table>
<tr><td></td><td>आधारमा स्रोत साधनको पुर्वानुमान, आयोजनाको प्राथमिकिकरण, योजना कार्यान्वयन तालिका र अनुगमन मुल्याङ्कन योजना समेत तयार गर्नुपर्ने स्पस्ट व्यवस्था छ । नगरपालिकाले स्थानीय स्तरको विकास आयोजनाको आवश्यक अध्ययन अनुसन्धान तथा प्रभाव मुल्याङ्कनको समेत कार्य गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले सो व्यवस्थाको कार्यान्वयन गरेको छैन । त्यस तर्फ समयमै ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>५</td><td>श्रोतअनुमान तथा वजेट सिमा : स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६६ वमोजिम नगरपालिकामा प्राप्त हुने आन्तरिक आय, राजस्व वाँडफाँडवाट प्राप्त हुने रकम, अनुदान,ऋृण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र वजेट सिमा निर्धारण गर्न ४ सदस्यीय समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, सन्तुलीत वितरणमा, वजेट सिमा निर्धारण, वजेट तथा कार्यक्रमको प्राथमिकिकरण, वजेट तर्जुमा मार्गदर्शन गर्नुपर्ने र कार्यपालीकामा पेश गर्ने कानुनी व्यवस्था रहेकोमा उक्त समितिले राजस्वको दर मिति २०७४।०५।२३ मा निर्धारण गरी प्रतिवेदन पेश गरेको भएतापनि उपरोक्त अनुसारको सिमा निर्धारण तथा प्राथमीकरणको सन्तुलित विवरणको खाका पेश गरेको देखिएन । उल्लेखित व्यवस्थाको कार्यान्वियन हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६</td><td>वजेट तथा कार्यक्रम तर्जुमा : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६७ मा ४ सदस्यीय वजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको निति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकिकरण, विषयक्षेत्रगत कार्यक्रम र कार्यक्रममा दोहोरोपना हुन नदिन कार्यक्रमको आपसि तादम्यता तथा परिपुरकता मिलाउने व्यवस्था छ । सडक निर्माण लगायतका कार्यहरु विगतमा डिभिजन सडक तथा जिल्ला विकास समिति एंव जिल्ला प्राविधिक कार्यालयबाट निर्माण भएको सडक हस्तान्तरण नभई निर्माण गरेकाले दोहोरोपन हुन सक्ने देखिन्छ । साथै समन्वय नभएको अवस्थामा सुधार गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७</td><td>स्थानीय तथ्यांक र अभिलेख : स्थानीय तह संचालन ऐन, २०७४ को दफा ११ वमोजिम नगरपालिकाले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्यांक संकलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको छैन । स्थानीय तहका हरेक प्राथमिकिकरणका क्रियाकलाप संचालनमा तथ्यांकले महत्वपुर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा भुमिका अगाडि वढाउन आवश्यक छ । तथ्यांक वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यावन्यनले उचित सार्थकता नपाउने हुदा यस तर्फ नगरपालिकाले अभिलेख व्यवस्थापन गर्न जरुरी देखिन्छ ।</td><td></td></tr>
<tr><td>८</td><td>लक्ष्य प्रगतिको स्थिति - आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा चौमासिक प्रगती विवरण पेश गर्ने व्यवस्था छ । कार्यालयले सञ्चालन गरेका जिल्ला स्तरिय तथा केन्द्रीय स्तरिय आयोजनामध्ये सबै आयोजनाको उपर्युक्त नियम बमोजिम अनुसूची-२ बमोजिमको ढाँचामा प्रगती विवरण दिएको छैन । लक्ष्य निर्धारण गर्ने र प्रगती विवरण तयार गर्ने परिपाटीको विकास गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>९</td><td>शुरुको वजेट बाहिरका कार्यकम र खर्च विवरण : स्थानीय सरकार संचालन ऐनको दफा ६९ मा नगरपालिका लाई प्राप्त हुने सबै आम्दानी स्थानीय संचित कोषमा देखाउनु पर्ने र स्थानीय तहले बजेट विनियोजन गरी तोकिएको कृयाकलाप र सशर्त भए तोकिएको कृयाकलापमा र निशर्त भए प्राथमिकता प्राप्त क्षेत्रमा खर्च गर्नु पर्नेमा निम्नानुसारका कार्य र खर्च स्थानीय सरकारको बजेट भन्दा बाहिरबाट निकासा भए बमोजिम खर्च भएको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>सि.नं.</th><th>विवरण</th><th>वजेट</th><th>खर्च</th></tr>
<tr><td>१</td><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु</td><td>१५११000।0</td><td>१२५७0१५।७६</td></tr>
<tr><td>२</td><td>स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम</td><td>६00000।0</td><td>५९३५२६।0</td></tr>
<tr><td>३</td><td>ग्रामिण सामुदायिक बिकास पुर्वाधार कार्यक्रम पुँजीगत</td><td>२९00000।0</td><td>२८९८९४९।0</td></tr>
<tr><td>४</td><td>बहुक्षेत्रिय पोषण कार्यक्रम</td><td>१३९८000।0</td><td>१३0६९२0।0</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६४0९000।0</td><td>६0५६४१0।७६</td></tr>
</table></td><td></td></tr>
<tr><td>१०</td><td>लेखा प्रणाली : यस सम्बन्धमा देहायका व्यहारा देखिएका छन् :-</td><td></td></tr>
<tr><td>१०.१</td><td>प्रोदभावी लेखा : स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९ अनुसार</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| | नगरपालिकाको लेखा दोहोरो स्रेस्ता प्रणालीको सिद्धान्तमा आधारित प्रोदभावी लेखा राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले सो अनुसार लेखा राखेको देखिएन । यसरी तयार गरिएका आर्थिक विवरणले वास्तविक आय र खर्चको यथार्थ स्थिति देखाउँदैन भने शीर्षकगत खर्चको स्थिति समेत विश्लेषण गर्न सकिएन । | |
| १०.२ | अर्थ मन्त्रालयको च.नं.२९३ मिति २०७४।९।२ को प्रदेश तथा स्थानीय तह सञ्चित कोषका व्यवस्थपन प्रणाली कार्यान्वयन सम्बन्धी पत्रानुसार बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पत्ति हस्तान्तरण निर्देशिका २०७४ को वूंदा नं. ५.१० मा सबै स्थानीय तहहरुले Sub National Tresury Regulatory application (SUTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । सबै स्थानीय तहले सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट User ID तथा Password प्राप्त गरी आफ्नो सञ्चित कोषको हिसाब लगायत बजेट निर्माण, लेखापालन र प्रतिवेदनका लागि यस प्रणालीको उपयोग गर्ने उल्लेख गरेकोमा यो वर्ष नगरपालिकाले SUTRA प्रयोगमा ल्याएको देखिएन । अतः SUTRA प्रयोग गरी लेखा प्रणाली व्यवस्थित गर्नुपर्दछ । | |
| १०.३ | कार्यक्रम खर्च शिर्षकगत खाता नराखेकोले यस नगरपालिकाले विनियोजन शिर्षक एकिन गर्ने प्रयोजनको खाताहरु नराखेको अवस्था छ । खर्च शिर्षकगत खाता नराखेकाले तोकिएको शीर्षकमा तोकिए बमोजिम खर्च भएको छ भन्ने आधार देखिदैन । तोकिए बमोजिमको ढाँचामा लेखा स्रेस्ता राखिनु पर्दछ । | |
| १०.४ | स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७२(२) मा नगरपालिकाले नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने व्यवस्था छ र उपदफा (३) मा त्यसरी बर्गिकरण गर्दा मूल शीर्षकमा फरक नपर्ने गरी आय तथा व्ययको थप वर्गिकरण गर्न सक्ने व्यवस्था छ । नगरपालिकाले यो वर्ष त्यसरी वर्गिकरण गरी वजेट व्यवस्था गरेको र आय व्ययको लेखा राखेको देखिएन । तोकिए बमोजिम गर्न पहल गर्नुपर्दछ । | |
| ११ | **सेवा खरिद :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९५ मा कार्यालय सुरक्षा चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलीफोन, विद्युत र धाराको संचालन तथा रेखदेख, पशुस्वास्थ्य तथा कृषि प्रसार कार्य, बगैचाको सम्भार र रेखदेख, टाईपिङ वा कम्प्युटरटाईप, ड्राईभिङ जस्ता सार्वजनिक निकायको दैनिक कार्य सञ्चाालन गर्न आवश्यक पर्ने सेवा करारमा लिनुपरेमा सार्वजनिक निकायको व्यक्ति, फर्म, संस्था वा कम्पनीसँग करार गरी सेवा लिन सक्ने र त्यस्तो सेवा करारमा लिदा त्यस्तो सेवाको आवश्यकता, किसिम, समयावधि, गुणस्तर, सेवा संचालन विधि, लाग्ने मोटामोटीखर्च र कार्यक्षेत्रगत शर्त तयार गरी सार्वजनिक निकायको प्रमुखबाट स्विकृत गराउनु पर्ने व्यवस्था छ । सेवा प्रदायकले गरेको सेवाको अनुगमन गर्नुपर्ने व्यवस्था समेत छ । कार्यालयले यो वर्ष निम्नानुसारका दरबन्दी भित्रका ४२ जना कर्मचारीको रु.५८,६१,०६१।७२ र दरबन्दी बाहिरका ९ जना कर्मचारीका लागी रु १०,३४,६६१।७२ गरी जम्मा रु.६८,९५,७२३।४४ खर्च भएको छ । दरबन्दी बाहिरका कर्मचारीहरुलाई उपरोक्त प्रावधान विपरित नियुक्त गरेको र साविकमा करारमा रहेको दरबन्दि भित्र पनि कर्मचारीको म्याद थप गर्दा समेत उपर्युक्त व्यवस्थाको पालना नगरी सेवा करारमा राखेकोले रु ६८९५७२३।४४ खर्च भएको छ । यसरी म्याद थपीरहेको अवस्थाले उपर्युक्त प्रावधान कार्यान्वयन नहुदै नगरपालिका कोषमा दीर्घकालिन दायित्व पर्ने देखिन्छ । इनपुट मार्फत खर्च बढि रहने तर आउटपुट स्पस्ट नहुने प्रणालीको अन्त हुनु पर्दछ । | |
| १२ | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १३.४५ प्रतिशत, दोश्रो चौमासिकमा २०.०७ प्रतिशत र तेश्रो चौमासिकमा ६६.४८ प्रतिशत खर्च गरेको देखिएको छ । यसरीनै आषाढ मसान्तमा ४८.८ प्रतिशत खर्च गरेकोले आषाढमा आएर खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । कार्ययोजना तयार गरेर मात्र खर्च गर्ने परिपाटीको स्थापना र विकास गनुपर्ने देखिन्छ । | |

| क्र.सं. | बजेट उपशीर्षक | कुल खर्च | चौमासिक खर्च (रकम रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रथम | दोस्रो | तेस्रो | आषाढ महिना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | वित्तिय समानिकरण | २२६,१०६.६४ | ५३९९.५७३१ | २०,८६१.० | १९९,८४६.०३ | ११७३४७.३ |
| २ | पशु सर्सत | २९५.७१ | ८८.६८ | ९६.१८ | ११०.८५ | ६६.५१ |
| ३ | कृषि सर्सत | ५९१.४२ | १७७.३६ | ८८.६८ | ३२५.३८ | १३३.०२ |
| ४ | शिक्षा सर्सत | १३४,४४५.१९ | ४६०६०.१६ | ४५५५६.८३ | ४२८२८.१९ | २०१९.४१ |
| ५ | स्वास्थ्य सर्सत | ३०,४१९.८६ | ७३७१.५५ | ८३३१.०८ | १४,७१७.२२ | ७४६९.१९ |
| ६ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम चालु | १,२५७.०२ | - | ६०६.४८ | ६५०.५३ | ५६०.५३ |
| ७ | स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम पुजिगत | ५९३.५३ | - | २३४.१ | ३५९.४३ | २६०.०३९ |
| ८ | जेष्ट नागरिक दिर्घ सेवा सम्मान तथा सामाजिक सुरक्षा कार्यक्रम | ४६,५०१.४६ | - | १३५६६.४ | ३२,९३५.०६ | १५६५३.४६ |
| ९ | ग्रामिण सामुदायिक पुर्वाधार विकास कार्यक्रम | २,८९८.९५ | - | १००.०० | २,७९८.९५ | १७२४.९ |
| १० | ३६८५४७ बहुषेत्रिय पोषण कार्यक्रम | १,३०६.९२ | - | - | १३०६.९२ | ३१९.६ |
| ११ | ६०२११०३ संघीय संरचना पुजिगत अनुदान | ५,७०३.६६ | ९४८.४८ | ८९२.९३ | ३,८६२.२५ | ७५२.०८ |
| १२ | युनिसेफ नोपालगञ्जबाट प्राप्त बालमैत्री सहयोग कार्यक्रम | ९३०.२० | ६००.०० | १९६.३ | १३३.९० | २७.०७ |

१३ **कर्मचारी व्यवस्था :** निजामती सेवा ऐन, २०४९ वमोजिम कर्मचारी पदपुर्ति र व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । नगरपालिकामा रहने कर्मचारी दरवन्दी ६० रहेपनि पदपूर्ति २२ रहेको देखियो । ८ अधिकृत सहित ३८ पद रिक्त रहेका छन । ति मध्ये ८ जना करारमा राखि कार्य संचालन गरिएको छ । (सवारी चालक, कुचिकार, कार्यालय सहयोगी, कम्पुटर अपरेटर यस दरवन्दी तेरिजमा समावेश भएको छैन, हाल कार्यालयमा कार्यरत २१ जना भएकोले आवश्यक कर्मचारी पदपुर्ति गर्ने र आवश्यक नभए दरबन्दी हटाउने परिपाटीको सुरुवात गरिनुपर्दछ ।

१४ **नर्म्स भन्दा बढी भुक्तानी :** कार्यालयले तालिम, गोष्ठी, अभिमुखिकरण जस्ता कार्यक्रममा प्रशिक्षकलाई कक्षा बापतको भत्ता रकम दिदा तथा सहभागीलाई खाना खाजा बापतको उपलब्ध गर्दा स्वीकृत नर्म्सको प्रयोग गर्नुपर्दछ । अर्थ मन्त्रालयको खर्च सम्बन्धी मापदण्ड २०७३ (संशोधन सहित) मा तालिम केन्द्र बाहेकको संस्थाले गरेको तालिम तथा गोष्ठीमा कक्षा बापत प्रति कक्षा रु.७००। र कार्यपत्र संलग्न गरेकोमा प्रति कार्यपत्र रु.८००। गरी रु.१३००। पारिश्रमिक बापत दिन सकिने व्यवस्था छ । गौश्वरा भौचर नम्बर ३४१, मिति ०७५।३।४ बाट सामूदायिक संस्थाको क्षमता विकास सम्बन्धी हरि कुमार बिश्वकर्माको रु १,००,०००।० पेश्की फछ्र्यौट गरेकोमा सम्बन्धीत प्रशिक्षकहरुले कार्यक्रममा कार्यपत्र तयार गरेको प्रमाण संलग्न नगरेको अवस्थामा निम्नानुसार पारिश्रमिक रकम भुक्तानी गरेको पाइयो । बढी भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नपर्ने रु. ४५००.०

| सि.नं | प्रशिक्षक | कक्षा संख्या | भुक्तानी रकम | दिनुपर्ने रकम | बढी रकम |
|---|---|---|---|---|---|
| १ | जगदीश प्रसाद भट्ट | ४ | ५२०० | २८००.०० | २४००.०० |
| २ | ललीत बहादुर चन्द | १ | १००० | ७००.०० | ३००.०० |
| ३ | तेज बहादुर चन्द | ३ | ३९०० | २१००.०० | १८००.०० |
| जम्मा | | | | | ४५००.०० |

१५ **नर्म्स स्वीकृत नभई लागत अनुमान तयार गरेको :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० अनुसार नर्म्स स्वीकृत नगरी उपभोक्ता समिति तर्फ विभिन्न सडक निर्माण कार्यको लागत अनुमान एक्साभेटर बुल डोजर जस्ता मेशिन प्रयोग अवस्थामा ८० प्रतिशत मेशिन मार्फत २० प्रतिशत मानिसको श्रम प्रयोग गर्ने गरी लागत दर समायोजन गरी दर कायम गरी सो बमोजिम लागत अनुमान तयार गर्ने गरेको पाईयो । निर्माण गरिने स्थान अनुसार फरक फरक दर निर्धारण भै मेशिनको समेत प्रयोग भएको छ । हेभि मेशिनरी प्रयोग गरी नयाँ कच्ची सडकको ट्रयाक खोल्दा वा मर्मत गर्दा ८०:२० को अनुपातबाट लागत अनुमान तयार गर्ने नर्म्स स्विकृत भएको आधार प्रमाण भने पेश भएन । यसरी आधार बेगर लागत अनुमान तयार गर्दा झन्डै ५ गुना सम्म लागत बृद्धि हुने अवस्थामा अबिलम्ब सुधार हुनुपर्दछ ।

<table>
<tr><td>१६</td><td>सम्पत्ति हस्तान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाँउपालिका वा नगरपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेको छ । यसरी जिन्सी मालसामानको आम्दानी कृषि सेवा केन्द्र मात्र हसतान्तरण भएकोमा सोको लगत तयार गरिएको तथा डिभिजन सहकारी कार्यलयबाट विभिन्न सामान हस्तान्तरण भएतापनी अन्य कार्यालय हस्तान्तरण नभएकोले समयमा हस्तान्तरण गर्नेतर्फ सम्बन्धित कार्यालयले समेत ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td>जिन्सी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ५२ मा जिन्सी सामनको श्रेस्ता माहालेखा परिक्षकको कार्यालयबाट स्वीकृत ढाँचामा माहालेखा नियन्त्रक कार्यालयले तयार गरेको निर्देशिका बमोजिम राख्नुपर्ने व्यवस्था छ । त्यसैगरी नियम ५० मा जिन्सी निरिक्षण गरी प्राप्त भएको प्रतिवेदनमा उल्लेखित मर्मत गर्नुपर्ने मालसामान तीन महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिनाभित्र गरीसक्नुपर्ने व्यवस्था छ । यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परलमुल्य, स्पेसिफिकेशन, उत्पादन गर्ने देश वा कम्पनीको नाम, साइज, प्रति ईकाइ मुल्य, अनुमानित आयु नखुलेको जस्ता व्यहोरा देखिएको छ । जिन्सी निरीक्षण प्रतिवेदनमा विभिन्न कार्यालयबाट आएका एंव चालु हालतमा नरहेका बेसावुत सामानहरुको समयमा मर्मत एंव लिलामकार्य अगाडी बढेको देखिएन । अतः आवश्यक विवरण खुलाई तोकिएको ढाँचामा जिन्सी खाता अद्यावधिक गर्ने तथा हतान्तरण गरेको सामानको अभिलेख र परिमाण राख्ने एवं समयमा मर्मत, लिलामको प्रकृया अबलम्बन गरी जिन्सी व्यवस्थापन चुस्त बनाउनु पर्ने देखिएको छ ।</td><td></td></tr>
<tr><td>१८</td><td>बरबुझारथ : मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम गाँउपालिका तथा नगरपालिकामा समाहित भएका साविकका गाँउ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको नगरपालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस नगरपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख नगरपालिकाले एकिन गरी अद्यावधिक नगरेकोले नगरपालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td>स्रोत नक्सांकन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम प्रत्येक गाँउपालिका र नगरपालिकाले आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अबस्था, प्राकृतिक श्रोत अर्न्तगत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अर्न्तगत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्सांकन वा नगरपालिकाको प्रोफाईल तयार गरेतापनि सो प्रोफाइलको आधारमा दिर्घ एव मध्यमकालीन योजना तर्जुमा गरेको पाइएन ।</td><td></td></tr>
<tr><td>२०</td><td>पेश्की : गत बर्षसम्मको रु १३२८६३७९।० पेश्की बाँकी रहेकोमा यो बर्ष १०८९२२४० फछ्र्यौट भएकोले गत बर्षको रु २३९४१३९।० पेश्की बाँकी देखिन्छ । आर्थिक कार्यविधि नियमावली, २०६४ मा समयमा पेश्की फछ्र्यौट नगरेमा सम्पूर्ण पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असुल गर्ने व्यवस्था छ । गत वर्षको २ जनाको प्राप्त विवरण यो बर्ष २ जनाको नाममा बर्षको अन्त्यसम्म फछ्र्यौट नभई बाँकी रहेको रु २४५८२०३।० नियमानुसार पेश्की फछ्र्यौट गर्नुपर्ने रु.
<table>
<tr><th>सि.न.</th><th>गौ.भ.न. मिति</th><th>नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>२३/०७४/०२/०५</td><td>ग्वालेक कैलाश जे.भि (गत बर्षको)</td><td>२३,९४,१२८।६८</td></tr>
<tr><td>२</td><td>१५/२०७३/०७/०३</td><td>पाटन भ्याली क्लब पाटन, बैतडी (गत बर्षको)</td><td>८,०००।</td></tr>
<tr><td>३</td><td>१०/२०७४/१०/०६</td><td>पाटन बजार बृहत खानेपानी उपभोक्ता समिति</td><td>२४,३५,०००।</td></tr>
<tr><td>४</td><td>६/२०७४/०६/०६</td><td>कीर्ति बहादुर बिष्ट</td><td>२३,२०३।</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४९५२३४२।०</td></tr>
</table></td><td>२४,५८,२०३.०</td></tr>
<tr><td>२१</td><td>उपभोक्ता समिति :यसमा देहाय बमोजिमका व्यहोरा देखिएका छन् :</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| २१.१<br><br><br><br><br><br><br><br><br>२१.२ | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिबाट काम गराउदा सम्पन्न निर्माण कार्यको सञ्चालन उपभोक्ता समितिले गर्नु पर्ने, खर्चको सूचना सार्वजनिक गर्नु पर्ने, निर्माण कार्यमा लोडर, एक्साभेटर, मेशीनहरू प्रयोग गर्न नहुने व्यवस्था छ । जटिल प्रकृतीको कार्य गराउँदा कार्यालयसंग स्वीकृत नलिई मेशिनरी प्रयोग गर्न पाउने व्यवस्था अनुरुप मेशिनरीको प्रयोग भएको, उपभोक्ता समितिबाट तोकिएको जनसहभागिता नजुटेको साथै कार्यालयबाट गर्ने कतिपय भुक्तानीमा आनुपातिक कट्टी नगरेको, योजना हस्तान्तरण नभएको तथा खर्च सार्वजनिक नगरेको जस्ता कानूनले तोकेका कार्य नगरेको अवस्थामा पनि केही योजनाहरु फरफारक गरेकोले उपभोक्ता समितिको परिचालन प्रभावकारी भएको देखिदैन । यस्तो अवस्थामा सुधार हुनुपर्दछ ।<br>उपभोक्ता सँग सम्झौता गर्दा सम्झौतामा उदेश्य लागत अनुमान नगरपालिका र उपभोक्ता समिति, गैर सरकारी संस्था अन्य निकायबाट व्यहोनु पर्ने भए सो समेत खुलाई लागत व्यहोर्ने पक्ष एकिन नगरेको, निर्माण सामाग्री र श्रम कुन पक्षबाट कति व्यहोर्ने भन्ने नखुलाएको, आयोजनाबाट लाभान्वित हुने घरपरिवार संख्या, जनसंख्या र लैगिक पक्ष उल्लेख नगरेको, उपभोक्ता समिति गठन भएको मिति, उपभोक्ता समिति गठन गर्ने निकायको नाम र ठेगाना, उपभोक्ता समिति वा संघ संस्थाले प्राप्त गर्ने किस्ताको रकम स्पष्ट नगरेको, आयोजना मर्मत सम्भारको जिम्मा लिने सस्था वा समितिको नाम, श्रमशक्ति, संख्या, शुल्कबाट प्राप्त हुने आम्दानी एंव दस्तुर र सहभागिताको स्थिति एकिन नगरेको, त्यस्तो संस्थाको ब्याज, आम्दानी, प्राविधिक र व्यवस्थापकीय पक्ष एकिन नभएको अवस्थामा समेत उपभोक्ता समिति गठन गरी काम गराएको र भुक्तानी दिएको अवस्थाले उपभोक्ता समिति मार्फत गरेको काम र सम्पन्न योजना त्रुटीपुर्ण देखिन्छ । उपरोक्त व्यवस्था एकिन गरेर मात्र सम्झौता गर्ने र कार्यसम्पन्न गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| २२ | **खरिद गुरुयोजना र योजना :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ अनुसार १ बर्षभन्दा बढी अवधिसम्म सञ्चालन हुने योजना वा आयोजनाको लागी बार्षिक १० करोड भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा सम्बन्धित निकायले त्यस्तो योजना वा आयोजना वा खरिदको अवधि भरको लागि खरिद गुरुयोजना र नियम ८ अनुसार बार्षिक १० लाख रुपया भन्दा बढी रकमको खरिद गर्नुपर्ने भएमा आगामी आर्थिक बर्षको अनुमानित बार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा आगामी आर्थिक बर्षमा गर्ने बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यसरी खरिद योजना तयार गर्दा कुनै योजनाको सम्पुर्ण भाग तथा खण्ड खण्ड गरी कुन काम उपभोक्ता समितिबाट र कुन काम अन्य प्रकृयाबाट गराउने हो सो समेत छुट्याई सम्बन्धित निकायबाट निर्णय गराउनुपर्ने व्यवस्था रहेको छ । कार्यालयले यस आर्थिक बर्षमा सञ्चालित योजनाहरुको लागी नियमावलीले तोकेअनुसारको खरिद योजना तयार गरेको छैन । योजनाले तोकेको समयभन्दा ढिलो गरी योजनाको कार्यान्वयन भए नभएको खरिद योजनामा समावेश नगरी कार्यान्वयन गरे नगरेको सम्बन्धमा एकिन गर्न सकिएन । जसले गर्दा खर्चमा पारदर्शिता र मितव्ययिता हासिल गर्न नसकिने साथै खरिद व्यवस्थापन कार्यको प्रभावकारितामा असर पर्न जाने देखिन्छ । बार्षिक खरिद कार्यलाई प्रभावकारी, मितव्ययी र पारदर्शी बनाउनुका लागी नियमावलीको व्यवस्थामा परिकल्पना गरे बमोजिमको बार्षिक खरिद गुरुयोजना तयार गर्नेतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्दछ । | |
| २३ | **कल्याण कोष** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ वमोजिम स्थानीय तहले स्थानीय सेवाका कर्मचारीले निजको सेवाशर्त तथा कानून बमोजिम अवकास हुँदा प्राप्त गर्ने योगदानमा आधारित उपादान, औषधि उपचार लगायतका सुविधा उपलब्ध गराउन अवकास कोषको स्थापना गर्ने व्यवस्था बमोजिम स्थानीय तहले कार्यालयलाई कर्मचारी कल्याण कोषको लागि आवश्यक पर्ने रकम जम्मा गर्नुपर्ने व्यवस्था छ । सभाको निर्णयानुसार भनि गौ.भ.न. ३३१-२०७५।०३।३१ बाट एकमुष्ठ रु.३,२९,९७२।० आन्तरिक खातावाट कर्मचारी कल्याण खातामा स्थानान्तरण गरेकोले नियममा उल्लेख भए बमोजिम १० प्रतिशत योगदान कट्टी गरी १० प्रतिशत रकम थप गरेको अवस्था छैन । कार्यालयले साविकको स्थानीय स्वायत्त शासन नियमावली बमोजिम गरेको मनासिब देखिएन । | |

२४ **लक्षित समूह खर्च** : स्थानीय निकाय श्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि२०६९ को दफा नं १२ (७) अनुसार लक्षित समुहको मागको आधारमा लक्षित समुहको पूजी निर्माण, सेवा प्रवाहमा गुणस्तरिय सुधार, क्षमता विकासको मापन गर्न सकिने ठोस कार्यक्रम र आयोजनामा मात्र रकम विनियोजन र खर्च गर्न सकिने व्यवस्था छ। कुनैपनि प्रकारका वितरणमूखि कार्यक्रम, सभा सम्मेलन वा गोष्ठिमा खर्च गर्न नपाइने व्यवस्था भएकोमा नगरपालिकाले यस्ता कार्यक्रममा समेत खर्च गरेकाले कार्यविधिको परिपालना भएको छैन । कुनै स्पष्ट कार्यविधि बेगरका वित्तरणमुखी कार्यक्रमले लक्षित वर्ग समेट्न सके नसकेको एकिन भएन साथै त्यस्तो वर्गको छनोटको मापदण्ड समेत उपलबध भएन तसर्थ स्वतन्त्र छनौटको अवसर सिर्जना हुनेगरी पारदर्शी कार्य प्रकृयाबाट मात्र उत्पादनशिल क्षेत्रमा वित्तरण गर्नुपर्नेमा त्यसतर्फ नगरपालिकाकाले ध्यान दिएको पाइएन । यसरी रकम विनियोजन र खर्च गरेको केही उदाहरण निम्न बमोजिम छन् :

| सि.न | वार्ड न. | गौ.भ.न. र मिति | कार्यक्रम | रकम |
|---|---|---|---|---|
| १ | २ | ४७७/२०७५/०३/१५ | कृषक समुहहरुलाई विउविजन कृषि साम्रागी | ४,००,०००। |
| २ | २ | १८४/२०७५/०२/०९ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००। |
| ३ | ४ | ५३९/०७५/०३/२२ | उन्नत जातको बोका वितरण | १,१०,०००। |
| ४ | ४ | ५६/०७४/१२/२१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००। |
| ५ | ६ | ५८१/०७५/०३/३१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००। |
| ६ | ८ | ११८/०७५/०१/२८ | उन्नत जातको बोका वितरण | १,००,०००। |
| ७ | ८ | ५३२/०७५/०३/२१ | जेष्ठ नागरिक सम्मान कार्यक्रम | १,००,०००। |
| **जम्मा** | | | | **१०,१०,०००।** |

२५ **व्यवसाय कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा नगरपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । नगरपालिकाको कार्यालयले व्यवसायीहरुको लगत राखी राजस्व असुल गर्नूपर्नेमा केहि व्यवसायीहरुको लगत राखेको भएतापनि उक्त लगत अद्यावधिक नभएको तथा लगतमा भएका सम्पुर्ण व्यवसायीहरुबाट कर रकम संकलन गरेको पाईएन । नगरपालिकाले व्यक्तिगत स्वघोषणाका आधारमा मात्र व्यवसाय दर्ता र नविकरण गर्ने गरेको तथा व्यवसाय दर्ता नभएका व्यवसायहरुको अनुगमन गरेको पाईएन । यस आर्थिक वर्षमा ७४ वटा व्यवसायको दर्ता तथा नविकरण भएको तथा रु ९५,३०० रकम जम्मा भएकोले असुल भएको र शिर्षकगत रुपमा लक्ष्य नतोकेकोले के कति रकम असुल हुनुपर्ने हो खुलेको एकिन हुन सकेन तसर्थ शिर्षकगत रुपमा लक्ष्य तोक्ने र सो अनुसार राजस्व असुल गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

२६ **सवारी कर :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ मा नगरपालिकाले आफ्नो क्षेत्र भित्रका सवारीमा तोकिए बमोजिम सवारी दर्ता तथा वार्षिक सवारी कर र आफ्नो क्षेत्रमा आउने सबै प्रकारको सवारीमा तोकिए बमोजिम सवारी कर उठाउने उल्लेख छ । नगरपालिकाले रु.१५ का दरले कर लगाउने भनि आर्थिक ऐनमा उल्लेख भएता पनि सो कार्यान्वयन हुन नसकेको अवस्थाले राजस्व परिचालन प्रभावकारी हुन सकेन । तोकिएको राजस्व उठाउन थप पहल गर्नुपर्ने देखिन्छ ।

२७ **पूँजीगतबाट चालु खर्च :** एकिकृत आर्थिक संकेत तथा बर्गीकरण र व्याख्या, २०७४ मा पुँजीगत शीर्षकमा विनियोजित वजेटबाट चालुखर्च गर्न नपाइने उल्लेख छ । नगरपालिकाको कार्यालयले यो वर्ष सभाबाट पारित गरी रु. २,०५,८५,००० चालु प्रकृतिका खर्च पुजिगत वजेटमा समावेश गरेको छ । चालु प्रकृतिका खर्च चालु वजेट शिर्षकका समावेश गरी वजेट खर्च लेख्नु पर्दछ । तसर्थ खर्च गरेको रकम नियमित गर्नुपर्ने देखिएको छ ।

२८ **सेवा करार** : यस सम्बन्धी निम्न व्यहोरा देखिएका छन् :

२८.१ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९४(१) मा कार्यालय सुरक्षा, चिठ्ठीपत्र ओसार पसार, सरसफाई, टेलिफोन, विद्युत र धारा सञ्चालन र रेखदेख लगायतका सार्वजनिक निकायको दैनिक कार्य सञ्चालन गर्न अत्यावश्यक पर्ने सेवा करार लिनुपर्दा कुनै व्यक्ति, फर्म, संस्था वा कम्पनीसंग करार गरी त्यस्तो सेवा करारमा लिन सक्ने व्यवस्था छ । त्यस्तै नियम ३ मा एक लाख रुपैयाँभन्दा बढी शुल्क लाग्ने सेवाको करार गर्नुपर्दा काठमाडौं उपत्यकाका कार्यालयहरु एवं

केन्द्रीय स्तरका निकायले पन्ध्र दिनको सूचना राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरी प्रक्रिया बमोजिम करार सेवा लिनुपर्ने व्यवस्था छ । कार्यालयले करारमा नयाँ कर्मचारी भर्ना गर्नु अघि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत दरबन्दी भित्र मात्र नयाँ कर्मचारीहरु करारमा भर्ना गर्नुपर्नेमा सो गरेको पाइएन नगरपालिकाले यो बर्ष देहाय बमोजिमका पदमा नियुक्ति गर्दा कार्यापालिकाले निर्णय गरी पतिस्पर्धा बेगर नियुक्ति गरेको कार्यक्षेत्रगत सर्त र कार्यको मुल्याङ्कन गर्ने परिपाटी स्थापना नगरी सिधै नियुक्ती दिदा गुणस्तरिय जनशक्ति आपुर्ति नहुने र त्यस्तो नियुक्ती विवादास्पद समेत हुनसक्ने हुदा स्वतन्त्र छनोटको अवसर द्धारा पदपुर्ति गर्ने व्स्थाको पालना हुनुपर्दछ । स्वीकृत दरबन्दी भन्दा बढी कर्मचारी करारमा भर्ना गरी तलब खर्च लेख्ने प्रणालीमा सुधार हुनुपर्दछ ।

| सि.न | पद | नाम | निर्णय मिति |
|---|---|---|---|
| १ | सवारी चालक | दिनेश चन्द | २०७५।०२।०८ |
| २ | का.स. स्वास्थ्य | मधवि के.सी | २०७५।०२।०८ |
| ३ | का.स. स्वास्थ्य | सोभा रेग्मी पन्त | २०७५।०२।०८ |
| ४ | का.स. स्वास्थ्य | जयन्ती भट्ट | २०७५।०२।०८ |
| ५ | अनमी | कौशिला साउद | २०७५।०२।०८ |
| ६ | कम्पुटर अपरेटर | सुर्य विक्रम विष्ट | २०७५।०२।०८ |
| ७ | का.स | हरि भट्राई | २०७५।०२।०८ |

**२८.२** कार्यालयले गो.भौ.नं. ६५ मिति ०७४।१२।२५ बाट पुराना २१ जना र नयाँ भर्ना भएका १० जना समेत गरी ३१ जनाको फागुन र चैत्र महिनाको तलब भत्ता भनी रु ७,४०,१९४।२० खर्च लेखेको छ । करार सेवामा दरबन्दी भित्रका ४२ जना कर्मचारीहरुको बार्षिक खर्च ५८६१०६१।७२ र दरबन्दी बाहेकाका ९ कर्मचारीको बार्षिक खर्च रु १०३४६६१।७२ गरी जम्मा रु ६८९५७२३।४४ खर्च भएको छ ।

**२९** **अबण्डा रकम** : कार्यालयले सम्पुरक कोषमा रु ८०,१७,७४२।० विनियोजन गरी देहायको रु ९३,३३,४१३।० रकम खर्च गरिएको छ । यस सम्बन्धमा देखिएका केही व्यहोरा निम्न बमोजिम छन् ।

**३०.१** **आर्थिक सहायता:** यो नगरपालिकाकाले कार्यपालिकाको निर्णय बमोजिम सम्पुरक कोषबाट विभिन्न मितिमा विभिन्न गौ.भौ.नं.बाट निम्न व्यक्तिलाई रु १८०,०००। को आर्थिक सहायता गरेको छ । आन्तरिक आम्दानी रु.१७९४४८७।२५ रहेको नगरपालिकाले आम्दानीको १० प्रतिशत भन्दा बढी आर्थिक सहायता भनी वितरण गरेको नियमित नदेखिएको रु १८००००.०

सम्पुरक कोषबाट आर्थिक सहायताका क्रियाकलापका लागी भुक्तानी गरेको विवरण निम्नानुसार छ ।

| गो.भौ.नं. र मिति | आर्थिक सहयोग विवरण(समपुरकबाट) | | |
|---|---|---|---|
| | सि.न | नाम | रकम |
| २८७/०७५/०२/२७ | १ | नेपाल ट्रेड युनियन | १५००० |
| ३३१/०७५/०३/०४ | २ | पार्वती विष्ट | ५००० |
| ४१७/०७५/०३/१२ | ३ | विर वा विष्ट | १५००० |
| ३५१/०७५/०३/०५ | ४ | हरिकुमार वि.क | २५००० |
| ३५९/०७५/०३/०६ | ५ | कमला कठायत | १५००० |
| ४२८/०७५/०३/०४ | ६ | अमर सिंह ठगुन्ना | १५००० |
| ४५२/०७५/०३/१४ | ७ | दिपक लावड | ५००० |
| ४६७/०७५/०३/१५ | ८ | नरेश व. विष्ट | ५००० |
| ४७४/०७५/०३/१५ | ९ | आनन्द सिंह महरा | ५००० |
| ४८१/०७५/०३/१७ | १० | राजेन्द्र प्रसाद भट्ट | १५००० |
| ४८२/०७५/०३/१७ | ११ | महेन्द्र प्रसाद पन्त | १५००० |
| ४९६/०७५/०३/१८ | १२ | धन व. कुवंर | ५००० |
| ५४८/०७५/०३/२४ | १३ | विर सिंह ठगुन्ना | १०००० |
| ५५२/०७५/०३/२४ | १४ | डम्वर दत्त पन्त | ३०००० |
| | | | **१८००००** |

**३०.२** स्थानीय सरकार सञ्चालन ऐन अनुसार बजेट अवण्डा राखी खर्च गर्न नपाइने व्यवसथा भएकोमा यस  नगरपालिकाले कार्यपालिकाको निर्णयबाट चालु प्रकृतिका क्रियाकलाप तथा अनुदानमा देहाय अनुसार रु.५०,९६,९५५। खर्च गरेको मनासिव देखिएन ।

| सि. | निर्णय मिति | निर्णयकत | कार्यक्रम | रकम | किसिम | खर्च रकम |
|---|---|---|---|---|---|---|
| १ | २०७४.०९. | कार्यपालि | पशुपन्छी उपचार औषधी खरिद | ६५०००० | चालु | ६५०००० |
| २ | २०७४.१०. | कार्यपालि | पाटन बजार बृहत खानेपानी अनुदान | २४३५००० | चालु | २४३५००० |
| ५ | २०७५.०१.० | कार्यपालि | पदम राज भट्ट (इन्जिनियरको कोठा | ९००० | चालु | ९००० |
| ६ | २०७५.०२.० | कार्यपालि | लाश व्यवस्थापन | १५००० | चालु | १५००० |
| ७ | २०७५.०२.० | कार्यपालि | शैक्षिक गुणस्तर सुधार गर्न शैक्षिक | ४६४५५ | चालु | ४६४५५ |
| ८ | २०७५.०२.० | कार्यपालि | सकार कैलपाल सडक सरसफाई | ४८०००० | चालु | ४८०००० |
| ९ | २०७५.०२.० | कार्यपालि | नगर उप्रमुखको कोठा भाडा | ९६००० | चालु | ९६००० |
| १० | २०७५.०२.० | कार्यपालि | गौरा पर्व वडा न २ | ६०००० | चालु | ६०००० |
| १२ | २०७५.०२.० | कार्यपालि | एफ एम रेडियो १० न वडा कार्यालय | ६५००० | चालु | ६५००० |
| १३ | २०७५.०२.० | कार्यपालि | जिल्ला खेलकुद विकास समिति अनुदान | ५०००० | चालु | ५०००० |
| १४ | २०७५.०२.० | कार्यपालि | रेडियो निङलासैनी सुचना | २२०००० | चालु | २२०००० |
| १७ | २०७५.०२.० | नगरसभा | रेडियो सेभेन स्टार सुचना | ५००००० | चालु | ५००००० |
| १८ | | नगरप्रमु | रेडियो सुदुर आवाज | ७५००० | चालु | ७५००० |
| १९ | | नगरप्रमु | टिभि टुडे | ३९५५०० | चालु | ३९५५०० |
| | | | जम्मा | ५०९६९५५ | | ५०९६९५५ |

**३०.३** समपुरक कोषबाट पुंजीगत खर्च शिर्षकका खर्च गरेको विवरण देहायअनुसार रहेको छ। शीर्षक अनुसार बजेट व्यवस्था गरी तोकिए अनुसार खर्च गरी बजेटरी नियन्त्रण प्रणालीको अवलम्बन गर्नुपर्दछ।

| सि.नं. | निर्णय मिति | निर्णयकर्ता | कार्यक्रम | रकम | किसिम |
|---|---|---|---|---|---|
| १ | २०७४.९.८ | कार्यापालिका | तिल्कुडा गुरुडा सडक | ८८८४२१ | पुंजीगत |
| २ | २०७४.१०.०२ | कार्यापालिका | प्राथमिक स्वास्थ्य केन्द्र पाटन, खानेपानी जडान | ४९५१९ | पुंजीगत |
| ३ | २०७४.१०.०२ | कार्यापालिका | प्राथमिक स्वास्थ्य केन्द्र पाटन, विधुत जडान | ६७६८७ | पुंजीगत |
| ४ | २०७४.१०.०३ | कार्यापालिका | सहस्त्रलिङ विधालय पुस्तकालय निर्माण | १००००० | पुंजीगत |
| ५ | २०७५.२.०२ | कार्यापालिका | आइटी मैत्री नगरपालिका बनाउन | १३५७०१० | पुंजीगत |
| ६ | २०७५.०२.०२ | कार्यापालिका | राधा कृष्ण मन्दिर सहयोग | ९६००० | पुंजीगत |
| ७ | २०७५.०२.०२ | कार्यापालिका | बेडौती खानेपानि मर्मत | ६७२०० | पुंजीगत |
| ८ | २०७५.०२.०२ | कार्यापालिका | नागार्जुन सैपाल प्रा वि छाना मर्मत | ४३२०० | पुंजीगत |
| ९ | २०७५.०२.०२ | कार्यापालिका | सल्लेबासा खानेपानी निर्माण | ३८३२२१ | पुंजीगत |
| १० | २०७५.०२.०२ | कार्यापालिका | कैलपाल स्वास्थ्य चौकी खानेपानी  मर्मत | ४८००० | पुंजीगत |
| ११ | २०७५.०२.०८ | कार्यापालिका | भुमेश्वर मा.वि ठाँड छाना मर्मत | ४५१२०० | पुंजीगत |
| १२ | २०७५.०२.०२ | कार्यापालिका | सोलार खरिद वडा न ७ स्वास्थ्य किलिनिक | २५००० | पुंजीगत |
| १३ | २०७५.०२.०८ | नगरसभा | गुरुखोला मुस्याचौर बसन्तपुर सडक | ४८०००० | पुंजीगत |
| | **जम्मा** | | | **४०५६४५८** | |

**३१** **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम स्थानीय तह अर्न्तगतका कर्मचारीहरुको बार्षिक तलबी प्रतिबेदन आन्तरीक लेखापरीक्षकबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा कार्यालयले स्वास्थ्य तर्फका ५२ कर्मचारीको रु १९१००७०१।५० कार्यपालिका तथा वडा कार्यालय अर्न्तगतका २२ कर्मचारीको रु ६५८१२१९।३० समेत गरी विभिन्न मितिमा विभिन्न गौ.भौ.नं. बाट तलब भुक्तानी रु २५६८१९२०।८ खर्च लेखेकोमा तलबी प्रतिबेदन पारित गरेको छैन । तलवि प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ ।

**३२** **सार्वजनिक परीक्षण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको

| | | |
|---|---|---|
| | सामाजिक परीक्षण अर्न्तगत सार्वजनिक परिक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले यो बर्ष सार्वजनिक सुनवाई गरेको छैन । सार्वजनिक सुनवाई गरी पारदर्शिताको प्रवर्धन गर्नुपर्ने देखिन्छ । | |
| ३३ | **बीमा :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा रु १० लाख भन्दा वढिको निर्माण कार्य गर्दा मेशिन, औजार वा प्लाण्ट लगायतको बीमा गर्नुपर्ने व्यवस्था छ । उपभोक्तासंग सम्झौता भएको कार्यक्रममा बीमा नभएको तथा सो सम्बन्धमा व्यवस्था समेत स्पष्ट देखिदैन । यस सम्बन्धी नीतिगत निर्णय गरी मानवीय र भौतिक क्षतिको मौद्रिक रुपमा पुर्ति गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ३४ | **सवारी साधन खरिद** : सवारी साधन खरिद गर्दा अर्थ मन्त्रालयको स्वीकृत बाट मात्र खरिद गर्नुपर्नेमा नगरसभाबाट विनियोजित भई सिलबन्धी बोलपत्र मार्फत १० वटा मोटरसाइकल खरिद गरेको छ । आवश्यकताको आधारमा पुँजीगत खर्चलाई प्राथमिकिरण गरी खरिद गर्नुपर्नेमा नगरेकाले अर्थ मन्त्रालयको स्वीकृत नलिई खरिद गरेको मनासिव देखिएन । | |
| ३५ | **गाडी भाडा :** कार्यालयमा १ टिपर, १ दमकल, १ व्याकलोडर र १ टाटा पिकअप जीप रहेका छन् । प्रदेश नं ७ को स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन २०७५ को दफा नं. ४ (१) मा स्थानीय तहका प्रमुखलाई सम्बन्धित स्थानीय तहले सवारी उपलब्ध गराउन सक्ने, सोहि ऐनको ४(२-३) सम्म सवारी साधन उपलब्ध नभएको अवस्थामा सम्बन्धित सभाले मापदण्ड बनाई तोके बमोजिमको यातायात उपलब्ध गराउन सक्ने सवारी साधन उपलब्ध गराएकोमा अन्य यातायात सुबिधा नगराइने र त्यस्तो सवारी साधनलाई सभाले मापदण्ड बनाई तोके बमोजिमको इन्धन र मोबिल उपलब्ध गराउन सक्ने व्यवस्था छ । त्यसै गरी उपदफा(४) मा सवारी साधन उपलब्ध नभएका उपाध्यक्ष वा उपप्रमुख वा वडाध्यक्ष वा सदस्यलाई स्थानीय तहको केन्द्र रहेको स्थानमा बैठकमा भाग लिन आँउदा र जाँदा पाँच किलोमिटर भन्दा बढीको पैदल हिड्नुपर्ने भएमा वा स्थानीय सार्वजनिक यातायातमा लाग्ने खर्च रकम बराबरको यातायात खर्च पाउन सक्ने व्यबस्था छ । त्यसैगरी दफा १२ मा यस ऐनले निर्धारण गरेको सुबिधा बाहेक अन्य सुबिधा लिन नपाउने व्यबस्था छ । मिति २०७४।१२।१ को पाटन नगर कार्यपालिकाको निर्णय अनुसार कार्यालयमा भएको सवारी साधन कच्ची बाटोमा जान नसक्ने, नगर सभाबाट पारित योजनाको अनुगमन तथा निरीक्षण गर्न र कार्यालयको आवश्यकता अनुसार अन्य काममा समेत प्रयोग गर्ने गरी सवारी साधन भाडामा लिने र सो रकम कन्टिन्जेन्सी खर्चबाट व्यहोर्ने गरी रु. ५००००००।- खर्च गर्ने निर्णय भएको छ । यो नगरपालिका कार्यालयले यो प्राबधानको विपरित निम्नानुसारका पदाधिकारीलाई निम्नानुसार ल्याउन लैजान निम्न बमोजिम लगबुक वेगर भाडा भुक्तानी गरेको नियमित नदेखिएको रु. | ६,१७,०००.० |

| भौ.नं र मिति | भुक्तानी पाउने | उद्देश्य | स्थान | भ्रमण गर्ने | भ्रमण अवधि | भुक्तानी रु. | दर (प्रतिदिन) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| २४८-०७५।२।२१ | बिभिन्न गाडी धनी एंव सवारी चालक | योजना सम्झौता एव अनुगमन र कार्यालयको काम | बिभिन्न (१७) | पदाधिकारी एवं कर्मचारी | १७ दिन | १००००० | बिभिन्न (रु. ३१५० - ९९००) | लगबुक नरहेको |
| ५५१-०७५।३।२४ | तर्कराज पाण्डेय | " | " | " | ३७ दिन | १४८००० | ४००० | लगबुक रहेको |
| ५५४-२०७५।३।२४ | पवन भण्डारी | बाल मैत्री सिकाई अध्ययन अवलोकन | नवलपरासी, कैलाली, रुपन्देही | बाल सञ्जाल पदाधिकारी तथा कार्यपालिका सदस्य | ५ दिन | १५६००० | | लगबुक नरहेको |
| ५६६-०७५।३।२५ | बिभिन्न गाडी धनी एंव सवारी चालक | योजना सम्झौता एव अनुगमन र कार्यालयको काम | बिभिन्न | पदाधिकारी एवं कर्मचारी | ३५ दिन | २१३००० | रु. १५००-९००० सम्म | लगबुक रहेको |

| | | |
|---|---|---|
| ३६ | **पुँजीगत शीर्षकको बजेटबाट विद्यालय अन्तर्गत रहेका निजी शिक्षकहरुलाई अनुदान :-** **भौ.नं. २०७५।०३।०६ :** पाटन नगरपालिकाको मिति २०६४।०६।०३ गते बसेको नगरसभाको बैठकले बिभिन्न विद्यालय अन्तर्गत रहेका निजी शिक्षकहरुलाई रु. १ करोड बिनियोजन गरेको छ । सो सभाले दिएको कार्यादेश अनुसार मिति २०७४।१०।०३ को कार्यपालिका बैठकले सो रकम बाँडफाँड गर्न ९ सदस्यीय समिति गठन गरेको छ । जसको निर्णय | |

<table>
<tr><td></td><td>अनुसार पाटन नगरपालिका क्षेत्र भित्रका सबै आधारभूत तह (कक्षा १ देखि कक्षा ८) सम्मका शिक्षकलाई मासिक रु. ६००० र माध्यमिक विद्यालय (कक्षा ९ र १०) मा कार्यरत शिक्षकहरुलाई मासिक रु. ८००० का दरले १२ महिनाको रकम एकमुष्ठ शैक्षिक अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरेको देखिन्छ । एकातर्फ सशर्त अनुदान अन्तर्गत शिक्षा कार्यक्रममा आधारभूत तह र माध्यमिक तहमा कार्यरत शिक्षक तथा विद्यालयमा कार्यरत कर्मचारीहरुलाई पारिश्रमिक तथा अन्य सुबिधा लगायतमा यो बर्ष रु.१३,४४,४५,१८५।१० खर्च भएको छ भने अर्को तर्फ बिगत देखि नै समुदायले खर्च व्यहोर्ने गरी निजी श्रोतमा रहेका शिक्षकहरुलाई पुँजीगत शीर्षकमा रकम विनियोजन गरी चालू प्रकृतिको कृयाकलापमा आगामी दिनमा थप व्ययभार समेत पर्नेगरी रकम विनियोजन गरी यो बर्ष रु.९७७२०००। खर्च गरेको मनासिब देखिएन । नगरपालिकाको यो बर्षको जम्मा आम्दानी रु. १७९४४८७२५ मात्र रहेको अवस्थामा संघिय र प्रदेशको सरकारबाट प्राप्त रकमको पुँजी निर्माण क्रियाकलापबाट गरिवी निवारण, रोजगारी बृद्धी तथा समुदायको आय आर्जन बृद्धि हुने जस्ता क्षेत्रमा खर्च गर्नुपर्नेमा दीर्घकालीन दायित्व बृद्धि गर्ने गरी खर्च गरेको देखिएकोले खर्च रकम नियमित नदेखिएको रु.</td><td>९७,७२,०००.०</td></tr>
<tr><td>३७</td><td>प्रथम नगर सभाले मिति २०७४।०६।०३ मा रु ४८,५९,१२,०७४।० को आय व्यय विवरण बजेट स्वीकृत गरेकोमा निम्न अवस्था देखापरेको छ :</td><td></td></tr>
<tr><td>३७.१</td><td>वजेट व्यवस्थापन : अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम आगामी ३ आर्थिक बर्षमा हुने खर्चको प्रक्षेपण सहितको बिभिन्न सात विषय समेटी मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गरेको छैन । गाँउपालिका र नगरपालिकाले उक्त ऐनको दफा २१(३) बमोजिम असार महिनाको १० गते भित्र आगामी आर्थिक बर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाँउ र नगर सभामा पेश गर्नुपर्ने र त्यसरी राजस्व र व्ययको अनुमान साथ बिभिन्न ८ वटा बिषय संकलन गर्नुपर्ने व्यबस्था दफा २२ मा रहेको छ । नगरपालिकाले तोकिएको समयमा आय व्यय विवरण सार्बजनिक नगरेको, तोकिएको व्यहोरा नखुलाएको अवस्थामा सुधार गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.२</td><td>प्रथम नगर सभाले स्वीकृत गरेको बिनियोजन ऐन अनुसार चालु खर्चमा रु. ४१४१२०००, पुँजीगत तर्फ रु. २०९३७१००० र शसर्त अनुदान तर्फ रु. २३५१२९००० गरी जम्मा रु. ४८५९१२००० खर्च गर्ने गरी व्यबस्था गरेको छ । पुँजीगतबाट नगर स्तरीय ३१, वडा स्तरीय ३४८ गरी जम्मा ३७९ योजना स्वीकृत भएकोमा चालू बजेटबाट २०७५।०२।०८ मा पुँजीगत शीर्षकमा रु. १२२०००००, पुँजीगतबाट रु.२८५०००० रकमान्तर गरी ४७ वटा योजना दोस्रो नगर सभाबाट थप भएको छ । २०७५।०३।११ को तेस्रो नगर सभाले कार्यालय भवन शीर्षकबाट पदाधिकारी सेवा सुबिधा शीर्षकमा रु.६५ लाख सम्पुरक कोष ( कार्यपालिकाको निर्णय अनुसारको क्षेत्रमा खर्च गर्ने गरी) मा रु.५ लाख र कार्यालय सम्बन्धी शीर्षकमा रु.३ लाख रकमान्तर गरेको छ । यसरी पटक पटक योजना योजना परिवर्तन गर्ने र रकमान्तर गर्ने परिपाटीमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३७.३</td><td>अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा २९ मा बजेटमा पुँजीगत खर्चको रुपमा बिनियोजन भएको रकम चालू खर्चमा रकमान्तर गर्न नपाइने व्यबस्था छ । यो बर्ष पाटन नगरपालिकाको नगर सभाले २०७५।०३।११ मा पुँजिगत शीर्षकमा विनियोजन गरेको तपसिलको रकम रकमान्तर गरेको पाइएकोले नियमित नदेखिएको रु
<table>
<tr><th>सि.न</th><th>पुँजीगत शीर्षक</th><th>रकामन्तर भएको शीर्षक</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कार्यालय भवनक्रमागत योजना</td><td>पदाधिकारी सेवा सुविधा</td><td>६५,००,०००।</td></tr>
<tr><td>२</td><td>कार्यालय भवनक्रमागत योजना</td><td>समपुरक कोषमा</td><td>९७५०००।</td></tr>
<tr><td>३</td><td>कार्यालय भवनक्रमागत योजना</td><td>कार्यालय सम्बन्धीखर्च</td><td>३८००००।</td></tr>
<tr><td>४</td><td>कार्यालय भवनक्रमागत योजना</td><td>परार्मश सेवा</td><td>२७०,०००।</td></tr>
<tr><td>जम्मा</td><td></td><td></td><td>८१,२५,०००।</td></tr>
</table></td><td>८१,२५,०००.०</td></tr>
<tr><td>३८</td><td colspan="2">यो बर्ष नगरपालिकाको निम्न अनुसारको १२ खातामा निम्नअनुसार रु १७६९३५०९।९१ मौज्दात रहेको देखिन्छ । त्यसमध्ये ४ वटा खाता खोले पनि कारोबार नभएको विवरण प्राप्त भएको छ । आवश्यक नपरी कोष स्थापना गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।</td></tr>
</table>

| सि.न. | खाताको प्रकार र नाम | गत आ.व. सम्मको मौज्दात | यस आ.व. को आम्दानी | जम्मा | यस आ.व. को खर्च | मौज्दात बाँकी |
|---|---|---|---|---|---|---|
| १ | ग २ १ चालू खर्च खाता | - | २९८,१३८,००० | २९८,१३८,०० | २९८,१३८,००० | - |
| २ | ग २ २ पूजिगत खर्च खाता | - | २०२,६४३,९४५ | २०२,६४३,९४ | २०२,६४३,९४५ | - |
| ३ | ग ४ १ मूलसंचित कोष खाता | २१,६००,६६१ | | ४९२,३६३,९४ | ४७७,२१७,००० | १५,१४६,९४० |
| ४ | ग ३ स्थानीय तह धरौटी खाता | १,८९६,५९९ | | २,५६६,५७१ | | १,७१४,१०९ |
| ५ | ग ५ ४ दैवी प्रकोप कोष खाता | - | ८००,००० | ८००,००० | ७३५,००० | |
| ६ | ग ५ १ कर्मचारी कल्याणकारी कोष | | | ५१७,४६० | - | ५१७,४६० |
| ७ | महामारी कोष खाता | - | २००,००० | २००,००० | - | २००,००० |
| ८ | अत्यावश्यक प्रसूती सेवा रिफरल | - | ५०,००० | ५०,००० | - | ५०,००० |
| | जम्मा | २३,६८४,७४९ | | | | १७,६९३,५०९ |

३९ **पुँजीगत शीर्षकबाट चालु प्रकृतिका खर्च गरेको :**

नगर स्तरिय ३१ योजनाहरु पुँजीगत शीर्षकमा बिनियोजन भएका योजनाहरु हुन । त्यसरी बिनियोजन गर्दा पुँजी निर्माण हुने, गरिवी निवारण गर्न सहयोग पुग्ने, रोजगारी बृद्धि हुने क्षेत्रमा खर्च गर्नुपर्दछ । नगर स्तरिय योजनाहरु संचालन गर्दा योजनाको प्रभाव सम्बन्धमा समेत बिचार गर्नुपर्दछ । संघ संस्था मार्फत कार्य गराउँदा समेत साँझेदरी सम्बन्धी कार्यबिधि निर्णय गरी संघ संस्था प्रतिस्पर्धामा छनौट गरी खर्च गर्नुपर्दछ । किफायती तरिकाबाट खर्च गर्नुपर्ने व्यबस्था सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ । यस नगरपालिका कार्यालयले यो बर्ष हलिया तथ्याङ्क संकलन, महिलाहरुको सीप बिकास तथा क्षमता बिकास तालिम सञ्चालन गर्न प्रतिस्पर्धा वेगर यो बर्ष निम्न संस्था छनौट गरी संचालन गरेको र त्यस्तो कृयाकलापबाट के गर्ने लक्ष्य रहेको हो यकिन नगरी तथ्याङ्क मात्र संकलन गर्दा नागरिकलाई कुनै फाइदा हुने स्थिति नरहेको अवस्थाले पुँजीगत निर्माणमा खर्च भएको छ भन्ने आधार देखिएन ।

| भौ. नं. र मिति | कृयाकलाप | भुक्तानी पाउने | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| ४७३ - ०७५।०३।१५ | हलिया तथ्याङ्क संकलन | जिल्ला हलिया मक्ति समाज | २५००००।० | अध्यक्षसँग माग कारोबार भएको कुनै निर्णय समावेश नभएको । |
| ५८० - ०७५।३।३२ | महिलाहरुको सिप बिकास तथा क्षमता बिकास तालिम | बिभिन्न | २५००००।० | स.म.बि.नि.  लक्ष्मी पन्त |

४० **अनुगमन मूल्यांकन खर्च :** यस नगरपालिकाको क्षेत्रफल २१९.२६ वर्ग कि.मी. रहेको छ । यो बर्ष अनुगमन मूल्यांकन खर्च बाफत रु.१४००००० बिनियोजन गरी जम्मा रु. १३,५८,६८७।० खर्च भएको छ । त्यसैगरी भ्रमण खर्च तर्फ रु.२४००००० बिनियोजन भएको मध्ये रु. २३,९९,८९२।० खर्च भएको समेत गरी रु.३७,५८,५७९।० कूल खर्च भएको छ । नगरपालिका क्षेत्र भित्र बिभिन्न सडक सञ्जाल रहेको र हिँउदमा १० वटा वडा कार्यालय मध्ये ४ वटा वडा कार्यालयहरु क्रमशः १,२,३ र ५ नं. वडाहरुमा सवारी साधन नपुगे पनि ति कार्यालयको नजिकै सम्म ट्र्याक खोलेको अवस्था छ । यस नगरपालिकाले नगर क्षेत्र भित्र कोष प्रमाणित गरी राखेको अवस्था पनि छैन । तर ठूलो मात्रामा अनुगमन मूल्यांकन तथा भ्रमण खर्च शीर्षकमा रकम बिनियोजन गरी खर्च गरेको अवस्था छ । रु.३७५८५७९।० रकम मध्ये पदाधिकारीको लागी रु १०४४०५५।० र कर्मचारीको लागी रु.२७१४५४४।० रहेको छ । पदाधिकारी तथा कर्मचारीले भ्रमण गरेको अवस्थामा भ्रमण प्रतिबेदन पेश गरेको अवस्था पनि भएको र भ्रमण अभिलेख खाता समेत नराखेकोले कुन अवधिमा कुन अधिकारीले भ्रमण गरेको हो भन्ने यकिन गर्न समेत कठिन भएको छ । तसर्थ कोष प्रमाणित गर्ने, मितव्ययी ढंगले भ्रमण आदेश दिने, भ्रमण अभिलेख राख्ने र भ्रमण प्रतिबेदन अनिवार्य रुपमा पेश गर्न लगाई भ्रमण खर्चको औचित्यता पुष्टि गरी यस्तो खर्च नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतले नियन्त्रण गर्नुपर्दछ ।

४१ **भौ.नं. ०७५।०३।२४ अन्य निकायको खर्च :** यो बर्ष संचालन खर्च तर्फ बिबिध खर्च (शान्ती सुरक्षा) तर्फ रु. ५,००,००० बिनियोजन भएको छ । सामान्यतया शान्ती सुरक्षा दिने दायित्व प्रहरी एवं खटाए अनुसार नेपाली सेना समेतको अधिकार क्षेत्र र दायित्व अन्तर्गत रहेको हुन्छ

| | | |
|---|---|---|
| | । यस सन्दर्भमा नेपाल प्रहरीको लागि समेत आवश्यक बजेट शीर्षकगत रुपमा नेपाल सरकारबाट सालिन्दा बिनियोजन, निकासा र खर्च भइराखेको अवस्था छ । ईलाका प्रहरी कार्यालय, पाटनको च.नं. ७४४,२०७४।१२।४ को आर्थिक सहयोग उपलब्ध गराइदिने पत्र अनुसार तहाँ कार्यालयमा रहेको ना.१ भ. १२३९ नं. को स्कारपियो जीपको बिभिन्न पाट पुर्जा तथा टर्बो बिग्रिएको कारण गस्ती गर्न बाधा पर्न गएकोले टायर परिवर्तन गर्ने कार्य समेतको गाडी मर्मत गर्न कार्यालयको लागि बिनियोजित बजेट अपुग भएकोले रु. १५००००।० आर्थिक सहयोग उपलब्ध गराइदिन भनि पत्र पठाएको आधारमा मिति २०७४।१२।१२ मा पेश्की अनुसार सो रकम फछ्र्यौट भएको छ । यसरी बजेट बिनियोजन गरी रकम भुक्तानी दिनुपर्ने स्पष्ट आधार पेश नभएकोले यस्तो प्रकृतीको खर्च नियन्त्रण गरी नियमित देखिएको गनुपर्ने रु. | १५००००.० |
| ४२ | **निबृत्तिभरण पाउने पदाधिकारीले लिएको सुबिधा :** प्रदेश नं. ७ ले तयार गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ७ मा नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवाबाट अवकास लिई त्यसले सरकार वा तहबाट निबृत्तिभरण पाइरहेको कुनै व्यक्ति पदाधिकारी वा सदस्य पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिले दफा ३ बमोजिमको मासिक पारिश्रमिक सुबिधाको ५० प्रतिशत रकम पाउनेछ । तर सो बाहेकका सुबिधा अन्य पदाधिकारी तथा सदस्यले पाए सरह पाउने व्यबस्था गरेको छ । यस नगरपालिका अन्तर्गत निम्न पदाधिकारी /सदस्यहरुले निम्न उल्लेख भए बमोजिमको निबृत्तिभरण पाइरहेको हुन सक्ने भएकोले यर्थाथ अवस्था पत्ता लगाई निर्वत्तिभरण पाएको भए मासिक पारिश्रमिक सुबिधाबाट पुरै रकम भुक्तानी गरिएको रकम असुल उपर हुनु पर्ने रु. | ७२,०००.० |

| सि.नं. | पदाधिकारी/ सदस्य | नाम थर | निबृत्तिभरण दिएको निकाय | मासिक सुबिधा दर | बार्षिक सुबिधा रु. | बढी पारिश्रमिक सुबिधाको रकम |
|---|---|---|---|---|---|---|
| १ | वडा सदस्य | शेर सिह बोहरा | नेपाली सेना | ६०००। | ७२०००। | ३६०००। |
| २ | वडा सदस्य | राजेन्द्र सिह महरा | शिक्षक | ६०००। | ७२०००। | ३६०००। |
| **जम्मा** | | | | | **१४४०००।** | **७२०००।** |

| | | |
|---|---|---|
| ४३ | **अग्रिम आयकर :** स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा ३ अनुसार पदाधिकारीले आफू निर्वाचित भई अनुसुची २ बमोजिम पद तथा गोपनियताको शपथ लिइ आफ्नो पदको काम कारवाही शुरु गरेको मिति देखि अनुसूची १ बमोजिमको रकममा नबढ्ने गरी स्थानीय तहको आन्तरिक श्रोतको आधारमा मासिक पारिश्रमिक सुबिधा पाउने व्यबस्था छ । दफा ११ मा यस ऐनले पदाधिकारी तथा सदस्यका लागि निर्धारण गरेको सुबिधा सम्बन्धमा आफ्नो श्रोत तथा क्षमताका आधारमा सुविधा कम हुने गरी निर्णय गर्न सक्ने व्यबस्था रहेको छ। त्यसैगरी दफा १२ मा स्थानीय तहका पदाधिकारी तथा सदस्यले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुबिधा नपाउने व्यबस्था छ । यस नगरपालिकाको मिति २०७५।२।७ को उपप्रमुख श्री सरस्वती कोली ज्यूलाई मिति २०७४ श्रावण १ गते देखि लागू हुने गरी आवास व्यवस्थापन खर्च वापत प्रति महिना रु. ८०००।० का दरले समपुरक कोषबाट दिने गरी निर्णय भए अनुसार यो बर्ष बिभिन्न भौचरबाट रु. ९६०००।० भुक्तानी दिएको छ । स्थानीय तहको आन्तरिक श्रोत समेतको आधार लिइ सुविधा कम गर्ने तर्फ ध्यान नदिएको र दफा १२ अनुसार अन्य सुविधा नपाउनेमा सो व्यवस्थालाई बेवास्ता गरी नगर कार्यपालिकाले निर्णय गरेको मनासिब देखिएन । तसर्थ त्यस्तो सुबिधा बापत दिएको रकम असुल उपर हुनुपर्ने देखिएको छ । साथै उपप्रमुख ज्यूको मासिक पारिश्रमिक रु. ३००००।० ले १२ महिनाको रु. ३६०००० मा संचार सुबिधा मासिक रु.१५००।० ले बार्षिक रु. १८०००।० र आवास सुविधा समेत हिसाब गरी अग्रिम आयकर निर्धारण गर्नुपर्ने देखिन्छ । | |
| ४४ | **बिपद व्यवस्थापन कोषबाट आर्थिक सहायता वितरण गरेको :** समपुरक कोषबाट ३ लाख र २ वडा नं. अन्तर्गत वडा स्तर बिकास कार्यक्रमबाट रु.१ लाख, वडा नं. ७ बाट २ लाख, गरी जम्मा रु ८,००,०००।- को बिपद व्यबस्थापन कोष निर्माण भएको छ । कार्यपालिकाले प्रकाशन गरेको पाटन नगरपालिकाको मिति २०७४।११।१८ को राजपत्रमा पाटन नगरपालिका बिपद व्यबस्थापन कोष स्थापना तथा संचालन कार्यविधि, २०७४ तयार भएको छ । अनुसुची | |

१ अनुसारको कागजात पेश गरी अनुसूची २ अनुसारका १० प्रकारका बिपदको लागि कार्यपालिकाले तोकेको दरमा आर्थिक सहायता दिने उल्लेख छ । कार्यपालिकाको मिति २०७५।२।२ को निर्णयले प्रत्येक निबेदकलाई रु. १५०००।० का दरले भुक्तानी दिने र ३ वटा वडा स्तरका योजनाबाट संकलन भएको रकम सम्बन्धमा सम्बन्धित वडाले ताकेको दरमा भुक्तानी दिने निर्णय भएको छ । यसरी वडा स्तरका योजना संचालन गर्ने गरी पुँजीगत शीर्षकमा बिनियोजन गरेको बजेटलाई विभिन्न ४० व्यक्तिलाई न्युनतम रु. १० हजार देखि अधिकतम रु. ५० हजार सम्म ४० जनालाई यो बर्ष रु. ७३५०००।० आर्थिक सहायता वितरण गरेको छ । यस्तो प्रकारको आर्थिक सहायता जिल्ला प्रशासन कार्यालय समेतमा हुने भएकोले दोहोरो नपर्ने गरी वास्तबिक पिडितलाई राहत बितरण हुने कुनै कार्य विधि बेगर राहत भनी नगद वित्तरण गर्ने परिपाटीमा सुधार हुनुपर्दछ ।

४५ **बचत तथा ऋण सहकारी संस्थाको छानो निर्माण भौ.नं. ३६९ - ०७५।०३।७** सहकारी ऐन, २०७४ को दफा ३ मा कम्तीमा ३० जना नेपाली नागरिकहरु आपसमा मिली बिषयगत वा बहुउद्देश्यीय सहकारी संस्था गठन गर्न सक्ने, दफा २४ मा कार्य क्षेत्रमा आधारित भई आफ्ना सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक समृद्धि हासिल गर्नु सहकारी संस्थाको मुख्य उद्देश्य हुने व्यवस्था छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ मा सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानुन, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन गर्ने एवं सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन गर्ने कर्तव्य सम्बन्धित नगरपालिकाको हुने व्यबस्था छ । उपरोक्त सबै व्यवस्था अनुसार कार्यालयले नाफा कमाउने उद्देश्यले दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाको सम्बन्धमा स्थानीय मापदण्ड तयार गरी नियमन गर्नुपर्नेमा सो नगरेको र नाफा कमाउने उद्देश्यका संस्थालाई पाटन नगरपालिकाका २ बटा वडाको वडा स्तरिय आयोजनाबाट यो बर्ष रु. २९०४००।० भुक्तानी भएको छ । बजेट नै बिनियोजन गरी यो बर्ष रु. २९०४००।० छानो मर्मत, घेरपर्खाल, ल्याप्टप खरिद भनि भूक्तानी दिएको रकम असुल उपर हुनुपर्ने रु २९०४००.०

| गो.भौ.नं. र मिति | भुक्तानी पाउने सहकारीको नाम | वडा नं | कृयाकलाप /उद्देश्य | भुक्तानी |
|---|---|---|---|---|
| ३६९-०७५।३।७ | सिद्धकेदार बचत तथा ऋण सहकारी संस्था लि. | ४ | सहकारीको छाना निर्माण | ९६००० |
| २८२-०७५।२।२५ | शिवलिङ्ग कृषि महिला बहुउद्देश्यीय सहकारी संस्था | ४ | सहकारीको घेर पर्खाल लगाएको | ३८४०० |
| ५६-०७४।१२।२१ | सहस्त्रलिङ्ग कैलपाल कृषि सहकारी संस्था | ४ | एकथान ल्यापटप खरिद | ६०००० |
| १६४-०७५।२।७ | नेपाल परिवार नियोजन संघ, शाखा बैतडी | ६ | भवनमा प्लास्टर, पनिङ, ग्रिल निर्माण | ९६००० |

४६ स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ मा राजस्व प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गिकरण तोकिए बमोजिम गर्ने र नगरपालिकाले आफ्नो आय व्ययको विवरण प्रत्येक महिनाको सात गते भित्र सार्बजनिक गर्नुपर्ने चौमासिक शीर्षकगत विवरण तयार गरी संघीय अर्थ मन्त्रालय, प्रदेश अर्थ मन्त्रालय तथा राष्ट्रिय प्राकृतिक स्रोत वित्त आयोगमा पठाउनुपर्ने व्यवस्था भएकोमा यस नगरपालिकाले सो बमोजिम नगरेकोले त्यसतर्फ ध्यान दिनुपर्दछ ।

४७ **योजना संचालन एंव लागत अनुमान :** यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

४७.१ सार्वजनिक निर्माण कार्य गर्दा चेनेज स्पष्ट गरी दोहोरो नपर्ने गरी खरिद प्रकृया अगाडी बढाउनु पर्ने हुन्छ । यस नगरपालिकाले संचालन गरेका निर्माण कार्यको विगत देखिको चेनेजको स्पष्ट अभिलेख नरहेको र बजेट अनुसार निर्माण गर्दा एउटै सडकको पनि हरेक पटक शुन्य चेनेजबाट शुरू गरिएको व्यवस्था छ । जसले गर्दा मेजरमेन्ट बुकमा रहेको अभिलेख पनि स्पष्ट हुन नसकेको अवस्थामा सुधार गर्नुपर्दछ ।

४७.२ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९ बमोजिम बिचार गर्नुपर्ने कुराको समेत व्यवस्था छ । सोही नियमावलीको अनुसूची - १ मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा वर्कचाट स्टाफ खर्च २.५ % र सानातिना अन्य खर्च २.५ % गरी पाँच प्रतिशत सम्म लागत अनुमान थप गरी तुलना गर्ने र बोलपत्रको अंक तुलना गर्दा कूल लागत अनुमानलाई आधार मान्नु पर्ने व्यवस्था छ । यस कार्यालयले लागत अनुमान परिमाणलाई दरले गुणन गर्दा आउने रकम अलग हिसावमा कार्यालय बाट वेहोर्ने रकमको मात्र कन्टिन्जेन्सी हिसाव गरीएको छ । यसले गर्दा कूल लागत अनुमानको आधारमा कार्यालयबाट भुक्तानी हुने

| | | |
|---|---|---|
| | रकममा मात्र कन्टिन्जेन्सी खर्च हिसाब गर्दा कूल लागत यथार्थपरक रहेको छैन । तसर्थ कूल लागत एकिन गर्ने र त्यसको आधारमा उपभोक्ताको योगदान र कार्यालयको योगदान खुल्ने गरी उपभोक्ता समितिसंग सम्झौता गर्नुपर्ने देखिन्छ । | |
| ४८ | **भौ.नं ४६९ - ०७५।३।१५ मिति २०७४।९।७ को पाटन नगर कार्यपालिकाको तेह्रौ बैठकको निर्णय नं. १४ मा योजना निर्माण गर्दा उपभोक्ता समितिले २० प्रतिशत व्यहोर्नुपर्ने उल्लेख छ :** पाटन नगरपालिका वडा नं. ७ कैलपाल बैतडीमा जमकट्टे सिंचाई योजना निर्माण गर्न उक्त योजनाको उपभोक्ता समितिसंग मिति २०७४।११।९ मा कूल लागत अनुमान रु. १७४६८४१।८५ कायम गरी सो मध्ये रु. १४०००००।- यस कार्यालयले र रु. ३४६८४१।८५ अर्थात १९.८६ % सम्बन्धित उपभोक्ता समितिले व्यहोर्ने गरी सम्झौता भएको छ । सो को स्वीकृत लागत अनुमानमा भने कन्टिन्जेन्सी रु. ५६००० उल्लेख गरेकोले सो समेत रु. १६६८५७० हुन आउँछ । सो कार्य निर्माण सम्पन्न हुदा रु. १६१२५७०।८९ मा कन्टिन्जेन्सीको रकम पुरा खर्च भएको मानी रु. ५६००० थप गर्दा जम्मा लागत अुनमान बराबर अर्थात् रु. १६६८५७०।८९ नै हुन आएको छ । यसरी सार्वजनिक निर्माण गर्दा लागत अनुमान वरावर नै कार्य सम्पन्न हुनु कम व्यवहारिक देखिन्छ भने अर्को तिर उक्त सम्पन्न रकममा सम्झौता अनुसार १९.८६ % ले रु. ३३१३७८।१८ उपभोक्ताको अंश कटाई जम्मा रु. १३३७१९२।७१ भुक्तानी दिनुपर्नेमा जम्मा रु. १३४०४२३।- भूक्तानी दिएकोले रु. ३२३०।२९ रकम असुल उपर हुनुपर्ने देखिएको रु. | ३,२३०.२९ |
| ४९ | **सहकारी संस्थालाई कृषि सामग्री बितरण :** पूँजीगत शिर्षकमा विनियोजन भएको रकमबाट यो वर्ष वडा स्तरिय कार्यक्रम अन्तर्गत वडा नं. ८ को कार्यक्रमबाट आत्मबिश्वास सहकारी संस्थालाई रु. ६७८००।- को ५ थान पित्तलको स्प्रे टेंकी र धनिया, मूला, भिन्टी, रायो, सिमी आदिको रु. २२५०० को ५०० प्याकेट बिउ समेत वितरण गरिएको छ । यस कार्यमा त्यो सहकारी संग कुनै सम्झौता भएको छैन । सहकारी अध्यक्षले दस्तखत गरी सामान बुझेको भरपाई मात्र रहेको छ । उक्त सहकारीले आफ्ना सदस्यलाई त्यस्ता सामग्री वितरण गरेको आधार लेखापरीक्षणमा पेश भएन । अतः संस्थागत रुपमा सम्झौता गरी कार्य अगाडी बढाउनु पर्ने र त्यस्ता सामग्री बितरण गरिसकेपछि सदस्य कृषकलाई के कसरी पुनः बितरण भएको छ भने एकिन गरी अनुगमन प्रतिबेदन पेश हुनुपर्ने देखिन्छ । | |
| ५० | **भौ. नं र मिति : ४६१ - २०७५।०३।१५ देवल दिव्यपुर उपल्ला बाटुला पाटन सडक :** सार्वजनिक खरिद नियमावली २०६४ (पाँचौं शंशोधन) को नियम ९७ को ३(क १) मा रु. १ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउन सक्ने, ६० लाख रुपैयाँ भन्दा वढी लागत अनुमान भएको कार्यक्रम प्रत्येक वर्ष इकाइमा उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने योगदान स्पष्ट गर्नुपर्ने उल्लेख छ । उपनियम ७ मा उपभोक्ता समितिले आफूले गरेको खर्चको सार्वजनिक स्थानमा टाँस गर्नुपर्ने र काम कारवाहीको सम्बन्धमा तोकिए अनुसार सामाजिक लेखापरीक्षण गर्नुपर्ने, लागत अनुमान तयार गर्दाको समयमा हेभी मेसिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको रहेछ भने सम्बन्धित प्राबिधिकको सिफारिशमा सार्वजनिक निकायवाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सक्ने उपनियम ९(क) वा उपनियम ९ को प्रतिवन्धात्मक वाक्यांश बिपरित हेभि मेशिन प्रयोग गरेको पाइएमा त्यस्तो उपभोक्ता समितिसंग भएको सम्झौता रद्द गर्ने व्यवस्था छ । त्यसैगरी उपनियम १३(क) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति वा लाभग्राही समुहलाई भविष्यमा कुनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने निर्माण व्यवशायीलाई कालो सूचीमा राख्न सार्वजनिक खरिद अनुगमन कार्यालयमा शिफारिश गर्नुपर्ने व्यवस्था छ ।<br>यस कार्यालयले उपरोक्त प्रावधानको पालना गरेको छैन । उदाहरणका लागि देवल दिव्यपुर उपल्ला बाटुला सडक निर्माण गरेवापत उपभोक्ता समितिलाई यो वर्ष ७६८००००।० भुक्तानी दिएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन् :<br>**क**) रु. १ करोड सम्म मात्र लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउनु पर्ने व्यवस्था बिपरित लागत अनुमान रु. ९७३९०३३।७० मा ४ प्रतिशत कन्टिन्जेन्सी मध्ये कार्यालयले व्यहोर्ने रु. ८० लाखमा रु. ४ प्रतिशतले हुने रु. ३२००००।० कन्टिन्जेन्सी | |

| | | |
|---|---|---|
| | समेत जोड्दा कूल लागत अनुमान रु.१००५९०३३।७० हुन आउँछ । यसरी कुल लागत कम गर्ने उद्देश्यले लागत अनुमान तयार गरी उपभोक्ता समिति मार्फत कार्य गराएको पाइयो ।<br>**ख**) देवल दिव्यपुर उपल्ला वाट्ला पाटन सडक निर्माण समिति अध्यक्ष (मोहन सिह बोहरा) ले खर्चको सार्वजनिकीकरण नगरेको, मेशिनको प्रयोग गर्दा यस नगरपालिकाको सहमती नलिएको, निर्माण कार्य गर्दा निर्माण व्यवशायी एस.के .निर्माण सेवा प्राली ( ६०४३२५०००) संग सम्झौता गरी सडक निर्माण कार्य गरेको र उक्त निर्माण व्यवशायीले सडक निर्माण बापत रु. ७६८००००।० को बिल जारी गरेको अवस्थामा पनि उक्त उपभोक्ता समितिसंग सम्झौता रद्द नगरी भुक्तानी दिएको र प्रतिस्पर्धा वेगर निर्माण कार्य गर्ने निर्माण व्यवशायीलाई कालो सुचीमा राख्ने कार्य नगरेको हुँदा उक्त निर्माण कार्य उचित देखिएन । | |
| **५०.१** | **भौ. नं. ४६१ - २०७५।०३।१५** देवल दिव्यपुर उपल्ला बाटुला पाटन सडक निर्माण समिति पाटन नगरपालिका वडा नं. ७ बैतडीलाई चेनेज ०+००० देखि ५+०४० सम्म अर्थ वर्क, हार्ड रक, हार्ड सोइल, सफ्ट रक र मिडियम रक को कार्य गरी नयाँ ट्र्याक निर्माण वापत रु. ७६,८०,०००।० भुक्तानी गरिएको छ । कूल लागत कन्टिन्जेन्सी खर्च समेत रु. १००५९०३३।७० रहेकोमा यस कार्यालयले रु. ८० लाख र उपभोक्ता समितिले रु. २०११८०६।७४ अर्थात २०.४७% व्यहोर्ने गरी सम्झौता भएकोमा सो निर्माण हुदा कन्टिन्जेन्सी समेत रु. १,०१,२८,५९५।०८ रहेकोले उपभोक्ता समितिलाई रु.३,८९,५६१।३५ कट्टी गरी जम्मा रु.७६,६५,७१०।३१ भुक्तानी दिनुपर्नेमा रु.७६,८०,०००।- भुक्तानी दिएकोले बढी रु.१४,२८९।६९ असुल गर्नुपर्ने समेत उपर्युक्त बमोजिम नियमित नदेखिएको रु. | ७६,८०,०००।० |
| **५१** | नगरपालिकाले गरिव नागरिकको आय वृद्धि हुने कार्यक्रम संचालन गर्दा गरिवी निवारण गर्ने राष्ट्रिय लक्ष्य हासिल गर्न सहयोग पुऱ्याउनु सकारात्मक कृयाकलाप हो । तर त्यस्ता कार्यक्रम संचालन गर्दा स्पष्ट कार्यबिधि वनाउने, संचालन गर्ने कार्य पनि लक्षित वर्ग तोक्ने मापदण्ड तयार गर्ने, लक्षित वर्गलाई त्यस्ता कार्यक्रम अन्तर्गत जीवित वस्तु, लामो समय सम्म प्रयोग गर्न सकिने मेशिनरी औजार आदि वितरण गर्दा व्यक्तिलाई वितरण गर्ने हो वा संस्थालाई भनि नगर प्रोफाइल अनुसार सम्भाव्यता अध्ययन गरी एकिन गर्ने, त्यस्ता व्यक्ति वा समुहको दायित्व यकिन गरी संचालनको स्पष्ट खाका निर्धारण गर्ने र वितरण गरेको अभिलेख व्यवस्थित रुपमा राखि दोहोरो पर्न नदिन हर सम्भव उपाय अपनाउने र त्यस्ता कार्यक्रम नगर क्षेत्रमा अन्य निकाय वा संस्थाले संचालन गरे नगरेको यकिन हुने गरी रकम बिनियोजन र खर्च गर्ने सुनिश्चित व्यवस्था गर्नुपर्दछ । यस कार्यालयले यो वर्ष १७ योजनामा रु. २९०२७१६।० खर्च गरेको छ । त्यस्ता कार्यक्रम संचालन गर्दा कस्तो व्यक्ति लक्षित वर्गको भनि नखुलाएको, निर्वाचित प्रतिनिधिले व्यक्ति वा संस्था तोकेको आधारमा भुक्तानी भएको समुह वा व्यक्ति खुला रुपमा छनौट हुने अवसर नभएको, त्यसरी वितरण गरेको बाखा, कुखुरा, कृषि औजारको प्रयोग सम्बन्धी व्यवस्था यकिन गरी कार्यबिधि नवनेको, बिउ बिजन बितरण गरेकोमा पनि त्यसबाट के कति उत्पादन भयो भन्ने अभिलेख एवं अनुगमन प्रतिबेदन समेत पेश नभएवाट त्यस्ता कार्यक्रमको प्रभावकारीताको मुल्याङ्कन गर्न कठिन भएको छ । तसर्थ कार्यत्रम संचालन कार्यबिधिको निर्माण र अभिलेख प्रभावकारी रुपमा राख्ने र सुविधा लिने व्यक्ति वा संस्थाको दायित्व समेत स्पष्ट गरी कार्यक्रमको प्रभावकारीता वृद्धि गर्नुपर्दछ । | |
| **५२** | **कोष व्यबस्थापन :** पुंजीगत शीर्षकबाट यो बर्ष बिभिन्न निम्न कोषमा लगी खर्च नगरी राखेको रकम निम्नानुसार छ । विनियोजन खर्च अपुग हुन नदिन अनावश्यक कोष स्थापना गर्ने कार्य नियन्त्रण हुनुपर्दछ । | |

| वडा नं.। कार्यक्रम | क्र.सं. | योजनाको नाम | रकम रु. हजारमा |
|---|---|---|---|
| २ | १ | विपद व्यवस्थापन कोष | १०० |
| ७ | २ | दैविक प्रकोप्र परेका व्यक्तिलाई सहयोग | २०० |
| ९ | ३ | विपद व्यवस्थापन कोष | २०० |
| | | **जम्मा** | **५००** |

| | | |
|---|---|---|
| **५३** | **आन्तरिक आय :** १२ वटा क्षेत्र मध्ये आ.ब. २०७४।७५ मा ६ वटा क्षेत्रमा कर लगाएको र अन्य क्षेत्रमा राजस्व परामर्श समितिले सिफारिस नगरेको कारण कर नलगाएको अवस्था छ । नगरपालिकाको मुख्य आयश्रोत रहेको एकिकृत सम्पत्ति कर र घरजग्गा कर कार्यान्वयनमा | |

<table>
<tr><td></td><td>नआउदै आन्तरिक आय संकुचित हुन पुगेको अवस्थामा सुधार हुनुपर्दछ ।
<table>
<tr><th>कार्यान्वयन भएको करको विविवरण</th><th>कार्यान्वयन नभएको करको विवरण</th></tr>
<tr><td>सेवा शुल्क दस्तुर</td><td>बहाल विटौरी कर</td></tr>
<tr><td>विज्ञापन कर</td><td>पर्किङ शुल्क</td></tr>
<tr><td>सवारी साधन कर</td><td>मनोरञ्जन कर</td></tr>
<tr><td>भुमि कर</td><td>पर्यटन शुल्क</td></tr>
<tr><td>बहाल कर</td><td>जडिबुटी, कवाडी, जिवजन्तु कर</td></tr>
<tr><td>व्यवसाय कर</td><td>सम्पत्ति कर</td></tr>
</table></td><td></td></tr>
<tr><td>५४</td><td>परामर्शदाता मार्फत कार्य : स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा नगरपालिकामा राजस्व सम्बन्धी परामर्शको लागि (उपप्रमुखको संयोजकत्वमा ६ सदस्सीय) एक स्थानीय राजस्व परामर्श समिति रहने व्यबस्था छ । तर यस नगरपालिकाले सो प्रावधान कार्यान्वयन नगरी भौचर नं. २९० मिति २०७५/०३/१९ बाट राजस्व सम्भाव्यता अध्ययन बापत चमेलिया प्वाइन्ट कन्सल्ट नेपाल प्रा.ली. बबरमहल, काठमाडौंलाई रु. २,००,०००।० भुक्तानी दिएको नियमित नदेखिएको रु .</td><td>२,००,०००।०</td></tr>
<tr><td>५५</td><td>न्यायिक समिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ बमोजिम पाटन नगरपालिकामा २०७५।२।२ मा न्यायिक समिति गठन भएको पाइयो । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :<br>१) ऐनको दफा ५३ (१) बमोजिम राख्नुपर्ने निर्णयको अभिलेख दुरुस्त रहेको पाइएन । आर्थिक वर्ष २०७४।७५ मा १३ मुद्दा दर्ता भएकोमा सबैको समितिमा छलफल भएको जानकारी प्राप्त भएकोमा १ को मात्र लिखित रुपमा मुद्दा फछ्र्यौट भएको पाइयो । ऐनमा उल्लेख भए बमोजिम निवेदन दर्ता र कुन विधिबाट कहिले फछ्र्यौट भएको भन्ने व्यहोरा खुल्ने अभिलेख राख्नुपर्दछ ।<br>२) ऐनको दफा ५३ (२) बमोजिम समितिले गरेको कामको वार्षिक विवरण प्रमुख मार्फत नगर सभामा पेश गर्नुपर्नेमा सो विवरण तयार गरी पेश गरेको पाइएन । ऐन बमोजिम सो विवरण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td></td><td>सर्शत अनुदान (शिक्षा तर्फ) :</td><td></td></tr>
<tr><td>५६</td><td>बढी तलब निकासा : नगरपालिकाले गो.भौ.नं. १३, मिति २०७४।९।२८ बाट शिक्षकहरुको दोस्रो चौमासिक तलब निकासा दिँदा निम्नानुसारका विद्यालयहरुलाई दिनुपर्ने निकासा भन्दा बढी निकासा गरेको पाइएकोले बढी निकासा भएको रकम रु ६,१५,९०४।० असुल गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>दिनुपर्ने निकासा</th><th>दिएको निकासा</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>सिद्धकेदार प्रा.वि. चिल्लेपानी</td><td>१८६१६०.००</td><td>३०९३४०.८०</td><td>१२३१८०.८०</td></tr>
<tr><td>२</td><td>भूमिराज प्रा.वि. टिकापुर</td><td>१८६१६०.००</td><td>३०९३४०.८०</td><td>१२३१८०.८०</td></tr>
<tr><td>३</td><td>जनप्रिय प्रा वि ज्याफु</td><td>१८६१६०.००</td><td>३०९३४०.८०</td><td>१२३१८०.८०</td></tr>
<tr><td>४</td><td>सिगास प्रा.वि.बँगडा</td><td>१८६१६०.००</td><td>३०९३४०.८०</td><td>१२३१८०.८०</td></tr>
<tr><td></td><td>जम्मा</td><td>७४४६४०.००</td><td>१२३३६३.२०</td><td>४९२७२४.००</td></tr>
</table></td><td>४,९२,७२४.०</td></tr>
<tr><td>५७<br><br>५७.१</td><td>अवकाश पछिको तलब निकासा : कार्यालयले निम्नानुसारका शिक्षकहरु सेवाबाट अवकास भइसकेपछिको अवधिको समेत तलब निकासा गरेको पाइएकोले त्यसरी निकासा भएको रकम असुल गर्नुपर्दछ ।<br>सिद्धनाथ मा.वि. सिलगांका शिक्षक घनश्याम पन्त मिति ०७४।६।५ मा अवकास भएकोमा प्रथम चौमासिक अर्थात ०७४ श्रावण देखि मंसिरसम्मको तलब निकासा भएको पाइयो । निजको क.सं. कोष थप समेत कुल मासिक रु.४३,८६२।४० लाई आधार मान्दा एक महिना र २५ दिनको गरी कुल रु.८०,४१४।४० असुल गर्नपर्ने रु.</td><td>८०,४१४.४०</td></tr>
<tr><td>५७.२</td><td>सहश्रलिङग आ.वि. पाटनका शिक्षक हरि प्रसाद जोशीका शिक्षक मिति २०७५।३।६ मा अवकाश प्राप्त गरेकोमा निजको असार महिनाको पुरै तलब निकासा भएको पाइयो । निजको मासिक तलब रु २९,६३३।९० लाई आधार मान्दा अवकाश पछिको २४ दिनको रु २३,७०७।१२ असुल गर्नुपर्ने रु.</td><td>२३,७०७.९०</td></tr>
<tr><td>५८</td><td>बाल शिक्षक : कार्यालयले यस बर्ष ५५ बाल बिकास केन्द्रका शिक्षकहरुलाई पारिश्रमिक बापत मासिक रु ६०००।० का दरले १३ महिनाको रकम निकासा गरेको छ । प्रथम र दोस्रो</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>चौमासिकमा ५५ वटा बाल बिकास शिक्षकहरुलाई र तेस्रो चौमासिकमा ५४ बाल बिकास शिक्षकहरुलाई यो बर्ष कुल रु ४२,५७,२००।० निकासा दिएको छ । कार्यालयले तयार गरेको शैक्षिक बर्ष २०७४ को कम्प्युटरकृत तथ्यांक (EMIS Data) अनुसार जिल्लाका कुल ५५ बाल बिकास केन्द्र मध्ये ५ वटा बाल बिकास केन्द्रमा विद्यार्थीहरुको संख्या शून्य रहेको देखिएको छ । बिद्यार्थी नभएको केन्द्रहरु खारेज तथा मिलान गरी व्यवस्थापन गर्नुपर्नेमा सो नगरी विद्यार्थी नै नभएको केन्द्रमा कार्यरत बाल शिक्षकहरुको तलब बापत ५ केन्द्रमा १ जनाको मासिक रु ६००० का दरले १३ महिनाको तलब बापत हुन आउने रकम रु ३,९०,०००।० निकासा भएको देखिएकोले एकिन हुने प्रमाण पेश गर्नुपर्ने रु.</td><td>३,९०,०००.०</td></tr>
<tr><td>५९</td><td>नन् पिसिएफ अनुदान : कार्यालयले गो.भौ.नं. १७, मिति २०७४।१२।१८ बाट कक्षा १ देखि १२ सम्मको विद्यार्थीहरुलाई विभिन्न तहगत दरमा कुल रु १५,५३,५००।० निकासा गरेको छ । कार्यालयले कक्षा ११र १२ का कुल ७५६ विद्यार्थीहरुलाई रु २५० का दरले रु १,८९,०००।० रकम निकासा गरेकोमा जिल्ला शिक्षा कार्यालयले तयार गरेको तथ्यांक विवरणमा पाटन नगरपालिकामा कक्षा ११ मा जम्मा ६४ जना विद्यार्थीहरु मात्र रहेको देखाएको छ भने कक्षा १२ मा विद्यार्थीहरु नै नभएको देखाएको छ । यसरी तथ्यांक फरक परेको कारण खुलेन । यस सम्बन्धमा कार्यालयले तथ्यांक एकिन गरी बढी निकासा गएको पाइएमा सम्बन्धीतबाट रकम असुल गर्ने र तथ्यांक गलत भएको पाइएमा गलत तथ्यांक तयार गर्ने सम्बन्धीत कर्मचारीलाई कानून बमोजिम कारवाही गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६०</td><td>निःशुल्क पाठ्यपुस्तक : कार्यालयले नगरपालिकामा रहेका ६४ वटा विद्यालयहरुलाई निःशुल्क पाठ्यपुस्तकबापत गो.भौ.नं. १७, मिति २०७४।१२।१८ मा पहिलो किस्ता स्वरुप रु २२,९४,६३१।० निकासा गरेको छ । कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४।७५ को कम्पोनेन्ट नं. २.१५.११ मा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याकं संकलन गर्ने, यकिन संख्याका आधारमा दोस्रो चौमासिकमा विद्यार्थी संख्याको ७५ प्रतिशत संख्यालाई मात्र निकासा दिने र बाँकी २५ प्रतिशत रकम २०७५ बैशाखबाट शुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्ना भएको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणको आधारमा नपुग हुने रकम मात्र थप निकासा दिने व्यवस्था छ । तर कार्यालयले शैक्षिक सत्र २०७५ सुरु भएपछिको नयाँ विद्यालयगत विद्यार्थीहरुको तथ्यांक तयार नगरी गो.भौ.नं. २५, मिति २०७५।३।१५ बाट ५३ विद्यालयहरुलाई पाठ्यपुस्तक वापत रु ८,५०,९६९।० निकासा गरेको छ । तसर्थ खर्च पुष्टि हुने तथ्यांक प्रमाणित गरी राख्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>६१</td><td>छात्रवृत्तिको अनुदान : कार्यक्रम कार्यान्वयन पुस्तिका २०७४/७५ मा छात्रवृत्ति वितरण गर्न जिल्ला छात्रवृत्ति व्यवस्थापन समिति गठन गर्नुपर्ने, समितिले जिल्लामा प्राप्त कोटा र रकम समेतलाई ध्यानमा राखी छात्रवृत्ति वितरण सम्वन्धी नीति तयार गर्ने, विद्यालय खुलेको दिनमा कम्तिमा ८० प्रतिशत हाजिर भएका छात्रछात्रालाई दोहोरो नपर्ने गरी अभिभावकको रोहबरमा वितरण गरी वितरणको नाम नामेसी सहितको विवरण कार्यालयमा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले छात्रवृत्ति वितरण भएका छात्रछात्रालाई निर्देशिकाले तोकेबमोजिम बितरण भए नभएको एकिन विवरण समेत प्राप्त नगरी छात्रवृत्ति वितरण गर्न विद्यालयहरुलाई रकम निकासा दिएको छ । यसरी निकासा दिएकोमध्ये केही छात्रवृत्तिको संख्या र रकम निम्नानुसार देखिएको छ । तसर्थ सम्बन्धीत विद्यार्थीले रकम प्राप्त गरे नगरेको सम्बन्धमा कार्यालयबाट अनुगमन हुनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>छात्रवत्तिको प्रकार</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>१</td><td>कक्षा १-८ छात्रा</td><td>३४१०</td><td>१३६४०००.००</td></tr>
<tr><td>२</td><td>कक्षा १-८ दलित</td><td>७२१</td><td>२८८४००.००</td></tr>
<tr><td>३</td><td>कक्षा ९-१०</td><td>२०४</td><td>१०२०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१७,५४,४००.००</td></tr>
</table></td><td></td></tr>
<tr><td>६२</td><td>पारिश्रमिक कर : स्रोतव्यक्ति मदनराज पन्तको बार्षिक कुल आय रु ५,७२,६३२।८० मा सबै प्रकारका छुट तथा घटाउन पाउने रकम घटाउदा बाँकी रहने करयोग्य आय रु ७४,७५१।२० मा आयकर ऐन २०५८ को प्रावधान बमोजिम १५ प्रतिशतले हुने रकम रु ११,२१२।६८ असुल उपर गर्नुपर्ने रु.</td><td>११,२१२.६८</td></tr>
<tr><td></td><td>वित्तीय समानीकरण (पूँजिगत तर्फ) :</td><td></td></tr>
</table>

| | | |
|---|---|---|
| ६३ | **आयोजना हस्तान्तरण :** कार्यालयले उपभोक्ता समितिबाट कुनै पनि आयोजनाको कार्य गराइसकेपछी सो योजना सम्बन्धीतलाई हस्तान्तरण गर्नुपर्दछ । उपभोक्तालाई आफूले गरेको कामप्रति अपनत्व महशुश गराउन साथै मर्मत तथा सञ्चालनमा उनिहरुलाई जवाफदेहि बनाउन अन्य योजना समयमै सम्पन्न गरी हस्तान्तरण समेत गर्नुपर्दछ । | |
| ६४ | **अनुगमन प्रतिवेदन :** कार्यालयले विभिन्न मितिमा आफ्ना कर्मचारीहरुलाई भ्रमणमा खटाउदा भ्रमणको उद्देश्य प्रष्ट खुलाउने, भ्रमणबाट फर्के पश्चात भ्रमण प्रतिवेदन लिने, जुन कार्यसँग सम्बन्धित हो त्यो शिर्षकबाट भुक्तानी हुने व्यहोरा जनाई खटाएको र सोही शिर्षकबाट खर्च लेख्ने गरेको छैन । साथै विभिन्न मितिमा अनुगमन गर्न गई अनुगमन खर्च बापत रकम भुक्तानी गरेतापनि सम्बन्धित कर्मचारीहरुबाट अनुगमन प्रतिवेदन समेत लिने गरेको पाइएन । अनिवार्य रुपमा भ्रमण प्रतिवेदन एवं अुनगमन प्रतिवेदन लिने व्यवस्था मिलाउनु पर्दछ । | |
| ६५ | **हेभि मेशिनबाट निर्माण कार्य :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(९) विपरित उपभोक्ता समितिबाट संचालित विभिन्न आयोजना अन्तर्गतका सडक योजनाहरुमा हेभी मेसिन प्रयोग गर्ने गरी लागत अनुमान तयार गरी हेभी मेशिन (स्काभेटर, बुलडोजर ) प्रयोग गरेको देखियो । तसर्थ नियममा व्यवस्था भए बमोजिम उपभोक्ता समितिबाट गरिने कार्यहरुमा हेभि मेशिनको प्रयोगलाई निरुत्साहीत गर्नुपर्ने देखिन्छ । | |
| ६६ | **ठेक्का व्यवस्थापन :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४९ मा सार्वजनिक निकायले हरेक खरिद कारवाहीको निम्ती छुट्टै फाइल खडा गरी राख्नु पर्ने र खरिदको लागि सूचना प्रकाशित गर्दा देखि खरिद क्रियाकलापको सम्पूर्ण कागजातहरुको फाइलको पंजिका तयार गरी फाइल खडा गर्नुपर्ने व्यवस्था छ । निम्नानुसार निर्माण व्यवसायीहरुलाई निर्माण कार्यको रनिङ विल पेश भए अनुसार भुक्तानी भएको छ । उक्त निर्माण कार्यगर्न के कति लागत अनुमान तयार भई कसबाट लागत अनुमान स्वीकृती भई कुन पत्रिकामा कहिले सूचना प्रकाशित भयो सुचना प्रकाशित भए अनुसार के कति बोलपत्र तथा दरभाउपत्र विक्रि भई के कति दरभाउ पत्र दर्ता भएको छ, दर्ता भएका बोलपत्र तथा दरभाउपत्र कहिले कुन स्थानमा खोलिएको र बोलपत्र तथा दरभाउपत्र मुल्याङ्कन समितिबाट शिफारिश गरिएको र कहिले आशय पत्रको सूचना जारी गरी कहिले सम्झौता भई कहिले सम्म सम्पन्न गर्नुपर्ने अवधि रहेको छ । निर्माण व्यवसायीले सम्झौता अवधि भित्र सम्पन्न गर्न नसकी सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० अनुसारको अवधिभित्र मनासिव कारण समेत उल्लेख गरी म्याद थपको निवेदन दिएको र कार्यालयबाट सो निवेदन तथा कारण मनासिव भए नभएको जाँचबुझ तथा परीक्षण भएको छ छैन यकिन गर्ने गरी खरिदको फाइल व्यवस्थापन गर्नुपर्नेमा कार्यालयले सो अनुसार फाइल व्यवस्थापन गरेको देखिएन भनी गत बर्षको प्रतिवेदनमा औंल्याइएको भएतापनि स्थिति यथावत छ । ठेक्का व्यवस्थापन प्रभावकारी बनाउनुपर्दछ । | |
| ६७ | **बढी भुक्तानी :** कार्यालयले ठेक्का नं. NCB/01/073/074 को निर्माण व्यवसायी ग्वाल्लेक कैलाश जे.भी.लाई गो.भौ.नं. ४१ मिति २०७४।१२।८ बाट मू.अ.कर सहित रु २३,८८,४२१।६८ भुक्तानी गरेको छ । ठेक्का प्रक्रिया बिश्लेषणको लागि सो ठेक्काको स्विकृत लागत अनुमान, निर्माण व्यवसायीले पेश गरेको प्रस्ताव, निर्माण व्यवसायीसँगको सम्झौता आदी लेखापरीक्षणको क्रममा उपलब्ध हुन सकेन । कार्यालयले तयार गरेको मिति उल्लेख नभएको कार्य सम्पन्न प्रतिवेदन अनुसार कुल सम्झौता रकम मू.अ.कर सहित रु ७१,११,१४१।४२ रहेकोमा खुद काम भएको भनी मू.अ.कर सहित रु ७३,५५,८६६।८१ भुक्तानी भएको छ । प्राविधिक पुष्ट्याई सहितको भेरिएशन बेगर सम्झौता भन्दा बढी भुक्तानी भएको रु २,४४,७२५।४० असुल गर्नुपर्ने रु. | २,४४,७२५.४० |
| ६८ | **चुल्लेक कैलपाल सडक :** यस आयोजनाको लागि कार्यालयले उपभोक्ता समितिसँग मिति २०७४।११।९ मा सम्झौता गरी गो.भौ.नं. ३७७ बाट रु १८,७२,०००।० र मिति २०७२।२।१६ मा उपभोक्ता समितिसँग पुनः सम्झौता गरी गो.भौ.नं. ४९९ बाट रु १४,४०,०००।० भुक्तानी गरेको थियो । उक्त योजनाको प्राविधिक मापन अनुसार Earthwork in excavation for new track कार्यको कडा माटो HardSoil अन्तर्गत chainage 0+000 देखि 0+840 खण्डमा ५,१९१.५० घनमिटर काम भएको भनी प्रति घनमिटर रु १०२.२१ का दरले कुल रु ५,३०,६२३.२१ भुक्तानी भएको छ भने गो.भौ.नं. ४९९ बाट भुक्तानी भएको रकममा पनि Earthwork in excavation for new track कार्यको HardSoil अन्तर्गत | |

| | | |
|---|---|---|
| | chainage 0+000 देखि 0+840 खण्डको ५४००.३० घनमिटर काम भएको भनी प्रति घनमिटर रु १०२.२१ का दरले रु ५,५१,९६४.६६ भुक्तानी भएको देखिन्छ । एउटै सडक खण्डमा एकै प्रकृतिको कार्य भिन्न भिन्न समयमा भएको भनी मापन गरिदा दोहोरोपनको स्थिति देखिएकोले कार्यालयले यस सम्बन्धमा आवश्यक छानबिन गरी कार्य मापन दोहोरो परी भुक्तानी भएको पाइएमा सम्बन्धीतबाट असुल गर्नुपर्ने रु. | ५,५१,९६४.६६ |
| ६९ | **फरक पाइपको प्रयोग :** कार्यालयले गो.भौ.नं. २७१, मिति ०७५।२।२४ बाट कार्य सम्पन्न प्रतिवेदन तयार गरी नेतकट्टे सिचाई टंकी निर्माण उपभोक्ता समितिलाई रु ४,६३,९१२।० भुक्तानी गरेको छ । उक्त योजनाको मेजरमेन्टमा 63mm/10 kg/cm² को एच डि पि इ पाइप २६० मिटर प्रति मिटर रु ४१६।९१ का दरले कुल रु १,०८,३९६।६ को प्रयोग भएको जनाइएतापनि उपभोक्ताले खरिद गरी कार्यालयमा पेश गरेको पाइप खरिदको बिल अनुसार 63mm/4 kg/cm² को पाइप २६० मिटर प्रयोग भएको देखिन्छ । कार्यालयको दर बिश्लेषण अनुसारको दरले 63mm/4 kg/cm² को पाइप २६० मिटरको रु ४९,९६९।४० हुने देखिन्छ । यसरी फरक पाइपको प्रयोग हुँदा निर्धारित आयोजना गुणस्तरीय तरिकाले सम्पन्न भएको देखिदैन भने पाइप बापत रु ५८,४२७।२० बढी भुक्तानी भएको देखिएको छ । यथार्थ मापन नगर्ने सम्बन्धीत कर्मचारीलाई जिम्मेवार बनाउदै बढी भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु. | ५८,४२७.२० |
| ७० | **अपूर्ण कार्यसम्पन्न :** कार्यालयले ७ नं. वडा कार्यालय भवन निर्माण गर्न रु २९,०८,०४६।११ को लागत अनुमान तयार गरी उपभोक्ता समितिसँग सम्भौता गरेको थियो । नापी किताब अनुसार कुल रु २५,४१,५७६।६१ को कार्य भएको देखिन्छ । कार्य सम्पन्न प्रतिवेदन अनुसार कार्य विवरणको आइटम नं. एफ मा रहेको प्लाष्टर वर्कस सम्बन्धी र आइटम नं. एचमा रहेको Providing & fixing in position 38 mm thick sal wood & window shutter सम्बन्धी काम भएको देखिदैन । योजनामा काँडेतारबार समेत भनेपनि सो कार्य समेटेर लागत अनुमान तथा मेजरमेन्ट तयार भएको पाइएन । तसर्थ योजनामा भएको बिषय समेटेर लागत अनुमान तयार नगरेको र लागत अनुमानमा भएका सबै आइटमहरुको कार्य पुरा नहुँदै कार्यसम्पन्न तयार गरी रकम भुक्तानी दिएको उचित देखिएन । | |
| ७१ | **सिद्धेश्वर किचार रौलेश्वर सडक :** कार्यालयले यस सडकको लागि कुल रु ३८,०७,७०१।० को काम भएको मापन गरी उपभोक्ता समितिको योगदान रकम रु ७,३५,७०१।७७ घटाई गो.भौ.नं. २७३, मिति २०७५।२।२४ बाट रु ३०,७२,०००।० भुक्तानी गरेको छ । उक्त योजनाको प्रति कार्य आइटमको लागि दर बिश्लेषण गर्दा Equipement Input अन्तर्गत परिमाण ०.०६३ र दर रु २२९२।७०८ प्रयोग गरेकोमा सो प्रयोग गर्ने स्वीकृत नर्म्स वा आधार पेश भएन । तसर्थ कार्यालयले मेशिन प्रयोग हुने प्रत्येक योजनाको लागि दर बिश्लेषणमा प्रयोग गरेको Equipement Input अन्तर्गतको परिमाण र दर सहि थियो भनी बिश्लेषण गर्न सकिएन । उक्त योजनामा उपभोक्ता समितिसँग भएको सम्भौताको अनुपातमा उपभोक्ताको योगदान रु ७,६१,५४०।२० कट्टि गर्नुपर्नेमा रु ७,३५,७०१।७७ मात्र कट्टि गरेको देखिएकोले आनुपातिक रुपमा रु २५,८३८।४३ घटि कट्टि गरेको पाइयो । उपभोक्ता योगदान घटि कट्टि गरेको कारण कार्यालयलाई बढी व्ययभार पर्न गएकोले उक्त खर्च रकम असुल हुनुपर्ने रु. | २५,८३८.४३ |
| ७२ | **गैलेक चपडा ठूली खाली सडक :** कार्यालयले गो.भौ.नं. २८०, मिति २०७५।२।२५ बाट उपभोक्ता समितिलाई रु २३५२०००।० भुक्तानी गरेको छ । नापी किताब अनुसार उक्त योजनामा रु २८,६६,३५१।८० को काम भएको र त्यसमा उपभोक्ताको अंश रु ५,१४,८०५।४८ भएको उल्लेख छ । उक्त योजनाको सम्भौता रकम रु ३०,५०,०००।० र त्यसमा उपभोक्ताको अंश रु ६,३९,८४८।४५ हुने उल्लेख भएकोमा कार्यालयले भुक्तानी गर्दा उपभोक्ताको योगदान बापत आनुपातिक रुपमा रु ५,७३,२७०।३७ हुनुपर्नेमा रु ५,१४,८०५।४८ मात्र कट्टि गरेकोले रु ५८,४६४।८८ बढी भुक्तानी हुन गएको छ । उपभोक्ता योगदान घटि कट्टि गरेको कारण कार्यालयलाई बढी व्ययभार पर्न गएकोले उक्त रकम असुल गर्नुपर्ने रु. | ५८,४६४.८८ |
| ७३ | **घटी परिमाण :** कार्यालयले ठेक्का नं. NCB 04/073/074 को निर्माण व्यवसायीसँग मिति ०७३।१२।२४ मा मू.अ.कर सहित रु १८,९९,७८४।३६ को सम्झौता गरेकोमा खुद रु १३,१२,३९८।७० को कार्य भएको भनी कार्य सम्पन्न प्रतिवेदन तयार गरी गो.भौ.नं ५१, मिति | |

<table>
<tr><td></td><td>२०७४।१२।१८ बाट रु७,२७,८४१।८५ भुक्तानी गरेको छ । संलग्न कागजात अनुसार उक्त ठेक्काको पहिलो पटक मिति २०७४।३।२५ र दोस्रो पटक मिति ०७४।५।३० सम्म पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गरेकोमा म्याद थप गरेको कारण तथा सो सम्बन्धी विवरण लेखापरीक्षणको लागि उपलब्ध हुन सकेन । ठेक्का प्रक्रिया बिश्लेषणको लागि स्वीकृत लागत अनुमान, बोलपत्र, सम्झौता लेखापरीक्षणको लागि उपलब्ध हुन सकेन । सम्झौता भन्दा ३०.९२ प्रतिशत घटि परिमाणमा काम भएको भएतापनि घटि परिमाणमा काम भएको प्राविधिक पुष्ट्याई सहितको भेरिएशन आदेश जारी भएको पाइएन ।</td><td></td></tr>
<tr><td>७४</td><td>गुरुखोला मूस्याचौर बसन्तपुर सडक : यस सडकको लागत अनुमानमा २ ठाँउमा मात्र dry stone masonry wall 1:6 mortar (१५ मिटर र ४ मिटर लम्बाई भएको) उल्लेख भएकोमा नापी किताब तथा कार्य सम्पन्न प्रतिवेदनमा ३ ठाँउमा (१० मिटर, ८ मिटर र ६ मिटर लम्बाई भएको) stone masonry wall को मूल्याङ्कन भएको पाइयो । लागत अनुमानमा भन्दा फरक कार्य गरेकोमा फरक हुन गएको प्राधिविक पुष्ट्याँई रहेको पाइएन । साथै लागत अनुमान तथा कार्य सम्पन्न प्रतिवेदनमा समेत कुन चेनेजमा काम लगाउने हो उल्लेख भएको पाइएन । चेनेज खुलाई कार्य गराउने पद्दतीमा अविलम्ब सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७५</td><td>आनुपातिक कट्टि नभएको : कार्यालयले उपभोक्ता समितिबाट सम्पन्न भएका आयोजनाहरुमा उपभोक्ता समितिको योगदान भन्दा कम काम सम्पन्न भई रनिङ विल र मूल्यांकन प्रतिवेदन प्राप्त भएकोमा सोही अनुरुप स्थानीय तहबाट व्यहोरिने रकमलाई पनि सोही अनुपातमा कम गरी भुक्तानी गर्नुपर्दछ । तर कार्यालयले सम्झौता अनुरुप आनुपातिक रुपमा उपभोक्ताको योगदान कट्टि नगरी भुक्तानी गरेको केही उदाहरण निम्नानुसार छन् । कार्यालयले अन्य आयोजनाहरुको भुक्तानीमा पनि घटि कट्टि गरेको हुन सक्ने हुदा कार्यालयले एकिन गरी सम्बन्धितबाट असुल गर्नुपर्दछ । निम्न दुइ योजनामा घटि कट्टि भएको रकम असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि. नं.</th><th>योजनाको नाम</th><th>सम्झौता अनुसार हुनुपर्ने योगदान रकम</th><th>मूल्याकंन अनुसार भएको योगदान</th><th>आनुपातिक कट्टि नपुगेको रकम</th></tr>
<tr><td>१</td><td>झालिमाली गुराली हुदै वडा कार्यालय सम्म सडक</td><td>२२७९५४.१५</td><td>१७९७७०.७३</td><td>३३,१७४.४२</td></tr>
<tr><td>२</td><td>चुच्चाई खोल्सी सडक निर्माण</td><td>४५३०११.३८</td><td>३९९१९३.५५</td><td>५३,८१७.८३</td></tr>
</table></td><td>८६,९९२.२५</td></tr>
<tr><td>७६</td><td>कार्य सम्पन्न नभएको : कार्यालयले निम्नानुसारको योजनाको लागि अन्तिम बिल भुक्तानी गरेतापनि कार्य स्वीकार प्रतिवेदन वा कार्य सम्पन्न प्रतिवेदन तयार गरेको छैन । तसर्थ उक्त योजनाहरुको कार्य सम्पन्न प्रतिवेदन पेश गर्नुपर्ने रु.
<table>
<tr><th>सि.नं</th><th>गो.भौ.नं. र मिति</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>१</td><td>२३९, ०७५/२/२०</td><td>पासाई खाली जुकेपानी पोखरी निर्माण</td><td>१९२०००.००</td></tr>
<tr><td>२</td><td>२४२, ०७५/२/२१</td><td>न्वाले तथा गजाल बाटो निर्माण</td><td>१९२०००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३८४०००.००</td></tr>
</table></td><td>३,८४,०००.०</td></tr>
<tr><td>७७</td><td>बढी भुक्तानी : कार्यालयले गो.भौ.नं. २६२, मिति ०७५।२।२२ बाट सौटुडा सिचाई तथा खानेपानी योजनाको लागि उपभोक्ता समितिलाई रु ६,७२,०००।० भुक्तानी गरेको थियो । कार्य सम्पन्न प्रतिवेदन र उपभोक्ताको बिलमा खुद काम भएको रु ८,१५,९९३।७४ मा उपभोक्ताको अंश रु १,४८,३६७।५२ घटाई रु ६,६७,६२६।२१ भुक्तानी दिनुपर्नेमा रु ६,७२,०००।० भुक्तानी दिएकोले बढी भुक्तानी भएको रु ४,३७३।७९ असुल गर्नपर्ने रु.</td><td>४,३७३.७९</td></tr>
<tr><td>७८</td><td>देहिमाण्डौ बसन्तपुर सडक यस सडकको लागि कार्यालयले रु २४,५०,०००.०० बजेट विनियोजन गरेकोमा यस बर्ष कार्यान्वयनमा आएको पाइएन । स्थानीयको विवादले उपभोक्ता समिति गठन हुन नसक्दा कार्यान्वयन हुन नसकेको कार्यालयको भनाई रहेको भएतापनि स्थानीय विवाद तथा समस्याहरु समाधान गर्दै आयोजना समयमै कार्यान्वयन गरिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७९</td><td>सोझै खरिद :सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा सोझै खरिद गर्दा अपनाउनुपर्ने प्रक्रियाहरुको सम्बन्धमा उल्लेख छ । कार्यालयले कार्यालय समान लगायतका रु ५,००,०००।० भन्दा मुनिको सोझै खरिद गर्दा मालसामानको स्पेसिफिकेसनको आधारमा लागत अनुमान तयार गर्ने, कम्तिमा तिनवटा आपूर्तिकर्तासँग लिखित रुपमा दररेट माग गरी समान प्राप्त भएपछि स्पेशिफिकेसन बमोजिम आए नआएको एकिन गरी रकम भुक्तानी</td><td></td></tr>
</table>

दिनुपर्नेमा सो गरेको पाइएन । त्यस्ता केही उदाहरण निम्नानुसार छन् :

| सि.नं. | गो.भौ.नं. र मिति | सामानको प्रकार | भुक्तानी रकम |
|---|---|---|---|
| १ | ३३६, ०७५/३/४ | कम्प्युटर लगायत | ४,३१,०७२.४० |
| २ | ३४०, ०७५/३/४ | औषधी | ३,१२,३६०.०० |
| ३ | ४३७, ०७५/३/१४ | कम्प्युटर फर्निचर लगायत | ११,२६,८२०.०० |
| ४ | ५६७, ०७५/३/२५ | कार्यालय समान | ३,००,०००.०० |
| ५ | १२, ०७४/११/११ | औषधी | १,९९,५६७.०० |
| ६ | २४, ०७४/११/२७ | पशुजन्य औषधी | ४,७१,०५०.०० |

८० **सोझै खरिद :** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा रु ५ लाख भन्दा बढीको खरिद गर्दा सिलबन्दी दरभाउपत्र तथा सिलबन्दी बोलपत्रको माध्यमद्धारा खरिद गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले ५ लाख भन्दा मुनिको निम्नानुसारको औषधि तथा सर्जिकल उपकरण खरिद गर्दा भने सार्वजनिक खरिद नियमावलीको नियम ८५ मा भएको सोझै खरिद गर्दा अपनाउनुपर्ने प्रतिस्पर्धात्मक विधि नअपनाई सोझै खरिद गरेको छ । यसरी प्रतिस्पर्धा वेगर पटक पटक खरिद गरी भुक्तानी खर्च लेखेको उचित देखिएन । त्यस्तो खरिदका केही उदाहरण निम्न छन् :

| सि.नं. | गो.भौ.नं. र मिति | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १ | १४, ०७४/६/३० | यशोधा फार्मेसी धनगढी | ४५००००.० |
| २ | १६, ०७४/७/२९ | डि.बी मेडिसिन सेन्टर धनगढी | २२५२०२.० |
| ३ | ४७, ०७४/१२/२९ | यशोधा फार्मेसी धनगढी | १९३०२९.० |
| | | जम्मा | ८६८२३१.० |

**पेश्की बाट खरिद :**

८१ नगर कार्यपालिकाको मिति २०७४।१२।०१ गतेको निर्णय अनुसार नगरपालिकालाई सूचना मैत्री बनाउन विभिन्न वडाहरुमा इन्टरनेट जडान गर्ने, ग्रुप एस एम एस प्रावधान शुरु गर्ने, इ हाजिरी, मोबाइल एप्सको विकास गर्ने तथा सम्बन्धीत वडाहरुमा इन्भरटर जडान गर्ने भनी बजेट विनियोजन भए अनुरुप गो.भौ.नं. ३६४, मिति ०७५।३।७ बाट आइ टि अफिसर महेश प्रसाद भट्टको रु ३,५००००।० पेश्की फछ्र्यौट सहित रु १२,२१,४१०।० भुक्तानी गरेको पाइयो । त्यस्तै गो.भौ.नं. ३९६ मिति ०७५।३।८ बाट एक प्रा.लि.बाट ओपन पालिका मोबाइल एप्स बिकासको लागि मू.अ.कर सहित रु १,३५,६००।० भुक्तानी गरेको पाइयो । संलग्न कागजात अनुसार विभिन्न ४ वटा फर्म तथा कम्पनीबाट सफ्टवेयर तथा इलेक्ट्रोनिक आइटमहरु खरिद गरेको रु ५,००,०००।० भन्दा मुनिको बिलहरु संलग्न भएको र प्रत्येक कम्पनीको लागि तिनवटा कोटेशनहरु संलग्न गरेको भएतापनि खरिद गरिएका सबै आइटमहरु एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्र वा बोलपत्रको माध्यमद्धारा खरिद गर्न सकिने देखिन्छ । तसर्थ कार्यालयले खरिद कार्यमा टुक्रा पारेर खरिद गर्ने र कर्मचारीको पेश्की वा कर्मचारी मार्फत भुक्तानी दिएको उचित देखिएन । तसर्थ खरिद कार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको व्यवस्थाको पूर्ण पालना हुनुपर्दछ ।

८२ कार्यालयले गो.भौ.नं. ४३७, मिति ०७५।३।१४ बाट कर्मचारी प्रेम सिंह बिष्टको रु ५,००,०००।० पेश्की फछ्र्यौट सहित कुल खर्च रु ११,२६,८२०।० लेखेकोमा संलग्न कागजात अनुसार विभिन्न दुइवटा फर्मबाट मू.अ.कर सहित रु ७,५१,५००।० का कम्प्युटर प्रिन्टर लगायतका सामानहरु र अन्य दुइवटा फर्मबाट मू.अ.कर सहित रु ३,६०,४७०।० का फर्निचर लगायतका सामानहरु खरिद गरेको पाइयो । सार्वजनिक खरिद नियमावली २०६४ बमोजिम एउटै प्याकेज बनाई सिलबन्दी दरभाउपत्रद्धारा खरिद गर्न सकिने भएतापनि कर्मचारीलाई पेश्की दिई खरिद गरेको उचित देखिएन ।

८३ **चालु खर्च :** ४११, २०७५।३।११ स्वास्थ्य क्षेत्रका करारमा नियुक्त विभिन्न ३२ जना कर्मचारीलाई तलब बापत रु १४,४१,४७७।० भुक्तानी गरेको छ । चालु खर्च खाताबाट गर्नुपर्ने खर्च रकम पूँजिगत खाताबाट भएको देखिएकोले खर्च रकम नियमित नदेखिएको रु. १४,४१,४७७.०

८४ कार्यालयले गो.भौ.नं. रेडियो सेभेन स्टार एफ.एमलाई रु ५,००,०००।० भुक्तानी दिएको छ भने गो.भौ.नं. ४८७ बाट रेडियो निङ्गलासैनीलाई रु २,००,०००।० भुक्तानी गरेको छ ।

| | | |
|---|---|---|
| | सूचना, सन्देश तथा कार्यक्रम प्रसारणको लागि सञ्चार माध्यम छनौट गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम प्रतिस्पर्धात्मक बिधि अपाउनुपर्दछ । | |
| ८५ | **पारिश्रमिक कर** : आयकर ऐन, २०५८ मा दफा ८ बमोजिम रोजगारी बाट प्राप्त भएको आयको दफा ८७ बमोजिम कर कट्टी गर्नुपर्ने व्यवस्था छ । नगर प्रमुख केशव बहादुर चन्दको पारिश्रमिक आयमा आयकर वापत ४ लाख भन्दा माथि थप रु.२०,०००।० तथा संचार खर्च रु.२४,०००।० गरी रु.४४,०००।० को १५ प्रतिशतले रु.६,६००।० कट्टा गरी भुक्तानी दिनु पर्नेमा रु.२०,०००।० को मात्र १ प्रतिशतले मात्र कटाई कर दाखिला गरेकोले कर कट्टा गर्न छुट भएको रु.६,४००।० असुल गर्नुपर्ने रु. | ६४००.० |
| ८६ | **बहुक्षेत्रिय पोषण कार्यक्रम :** संघिय मामिला तथा स्थानीय बिकास मन्त्रालयको मिति २०७४।६।८ को पत्रसाथ संलग्न बजेट खर्च सम्बन्धी निर्देशन तथा शर्तहरुमा चालु आर्थिक बर्षको लागि २०७४ कात्तिक मसान्तसम्म योजना छनौट गर्नुपर्ने, कार्यक्रमको कार्यान्वयन तालिका तयार गर्दा ७० प्रतिशत योजना तथा बजेट दोस्रो चौमासिक भित्र सम्पन्न हुने गरी योजना तयार गर्नुपर्ने व्यवस्था भएतापनि कार्यालयले तेस्रो चौमासिकको दोस्रो महिना अर्थात गो.भौ.नं. १ मिति ०७५।१।१० मा मात्र रु ४२१०००।० आम्दानी बाँधी कारोबार शुरु गरेको पाइयो । यसले योजना तथा निर्देशन बमोजिम काम भएको देखिदैन । समयमा कार्यक्रम नहुँदा गुणस्तरीय काम हुन नसक्ने तथा अनुगमन कमजोर भई कार्यक्रमको प्रभावकारीतामा कमि आउने भएकोले कार्यालयले समयमै बजेट तथा योजना बनाउने र कार्यान्वयन गर्ने गर्नुपर्दछ । | |
| ८७ | **बालमैत्री स्थानीय शासन कार्यक्रम** : गो.भौ.नं. ६ मिति ०७४।११।२७ मा प्रशिक्षक कृष्ण प्रसाद जैसीलाई ट्राभल खर्च भनी जहाज भाडा सहित रु २००००।० बुझाएकोमा जहाजको टिकट संलग्न भएतापनि धनगढीबाट बैतडी आउदाको यातायात खर्च बापतको रु ३५३०.०० को पुष्टि हुने सवारी टिकट वा अन्य कागजात संलग्न भएको पाइएन । त्यस्तै निजलाई रणनैतिक योजना लेखन तथा प्रिन्ट भनी रु २७,०७० भुक्तानी दिएकोमा त्यस्तो योजना प्रिन्टिङ्ग तथा बाइन्डिङ्ग गरी राखेको पाइएन । रित नपुर्याई खर्च गर्ने परिपाटीमा सुधार गर्नुपर्दछ । | |
| ८८ | कार्यालयले गो.भौ.नं. १०, मिति २०७५।३।२४ बाट सिद्धेश्वर खोड्पेमा बाल मैत्री सिकाई अध्ययन केन्द्र व्यवस्थापन कार्यक्रम अन्तर्गत भवन मर्मत तथा कार्यालय समान व्यवस्थापनको लागि प्रेम सिंह बिष्टको रु ५०००००।० पेश्की फछ्र्यौट गरेको पाइयो । भवन मर्मतमा सम्बन्धीत प्राविधिकको सहयोगमा लागत अनुमान तथा मेजरमेन्ट भएको पाइएन तथा अफिस टेबल, प्ले स्टेशन जस्ता सामानहरु रु २,४०,४५५।० मा खरिद भएकोमा त्यस्ता जिन्सी सामानहरुको उचित संरक्षण र सम्भारको लागि नगरपालिकाको सम्पत्तिको रुपमा अभिलेखांकन भएको पाइएन । तसर्थ कार्यालयले अमानतबाट कार्य गर्दा सार्वजनिक खरिद ऐन तथा नियमावलीको परिपालना गर्नुपर्दछ भने जिन्सी सामानहरुको उचित संरक्षणको व्यवस्था गर्नुपर्दछ । | |
| | **स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम तर्फ :** | |
| ८९ | ५, २०७४।११।२८ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(३) मा सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाईसहित लेखा राख्नु पर्ने व्यवस्था छ । जानकी टेक्नोलोजि प्रा.लि.लाई प्रतिलिपि बिल बमोजिम रु.७,४५८।० भुक्तानी भएकोमा सक्कल बिल बिजक पेश गर्नुपर्ने रु. | ७४५८.० |
| ९० | ८, २०७५।२।१८ आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६(८) तथा तथा ११३(३) मा खर्च गर्दा रीत पुगेको वा नपुगेको जाँच गरी भुक्तानी दिने व्यवस्था छ । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम समन्वय ईकाई, सिंहदरबारले बजेट तथा अनुदान प्रक्रिया तथा विधिमा उपलब्ध गराएको खर्चका शर्तहरुमा क्यामेरा उल्लेख नभएकोले सो खर्च नियमित देखिएको छैन । साथै उग्रतारा टेक्निकल गुड्स सप्लायर्सले २०७५।१।४ मा पेश गरेको दरभाउपत्रमा Canon EOS 1300D DSLR क्यामेराको मूल्य रु.४२,२५७।० उल्लेख गरेकोमा भुक्तानी गर्दा बीलमा रु.४७,२५७।० हुन आएकोले मू.अ.कर सहित बढी भुक्तानी भएको रु.५,६५०।० असुल गर्नुपर्ने रु. | ५६५०.० |

<table>
<tr><td>९१</td><td>पारिश्रमिक कर : कार्यालयले आयकर ऐन २०५८ मा भएको प्रावधान बमोजिम निम्नानुसारका कर्मचारीहरुबाट पारिश्रमिकमा लाग्ने कर कट्टि गर्नुपर्नेमा नगरेकोले पारिश्रमिक कर बापतको रु २८,४४१।२७ असुल गर्नपर्ने रु.<br>
<table>
<tr><th>सि.नं.</th><th>कर्मचारीको नाम</th><th>छुट पछिको करयोग्य आय</th><th>पारिश्रमिक कर</th></tr>
<tr><td>१</td><td>डा. नविन्द्र ढकाल</td><td>१,२९,५९६.००</td><td>२२३९९.००</td></tr>
<tr><td>२</td><td>राजेन्द्र सिंह कठायत</td><td>४०,२८१.८०</td><td>६०४२.२७</td></tr>
<tr><td>३</td><td>मदनसिंह महरा</td><td>२८,२८१.२०</td><td>४२४२.१८</td></tr>
<tr><td>४</td><td>बीर बहादर खाती</td><td>२८,२८१.२०</td><td>४२४२.१८</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३६,९२५.६३</td></tr>
</table></td><td>२८४४१.२७</td></tr>
<tr><td>९२</td><td>गो.भौ.नं. ३९, मिति २०७४।१०।०८ बाट कार्यालयले महिला स्वास्थ्य स्वयंसेविका कार्यक्रम अर्धबार्षिक समिक्षा बैठकमा कर बापत रु ३,९१५।० कर कट्टि गरेकोमा कर रकम घटाएर खर्च लेखेको पाइयो । कट्टि गरेको कर रकम असुल गरी राजस्व खातामा दाखिला गर्नपर्ने रु.</td><td>३,९१५.०</td></tr>
<tr><td>९३</td><td>आमा सुरक्षा कार्यक्रम : कार्यालयले आमा सुरक्षा कार्यक्रम अन्तर्गत ९ वटा स्वास्थ्य संस्थामा ४४६ जना सुत्केरी भएको भनी प्रति सुत्केरी इकाइ मूल्य अनुदान रु १००० का दरले सम्बन्धित स्वास्थ्य संस्थाहरुलाई रु ४,४६,०००।० रकम उपलब्ध गराएकोमा त्यस्तो रकम सम्बन्धित संस्थाको खातामा राखेको वा सम्बन्धित कर्मचारीहरुलाई प्रोत्साहन स्वरुप बितरण गरेको प्रमाण पेश हुन आएन । तसर्थ निर्देशिकाले तोकेबमोजिम उक्त रकम बितरण गरेको प्रमाण कागजात पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९४</td><td>कार्यालयले अपागंताको सहायक सामाग्रीहरु खरिद बापत जाल्पा फार्मेसीलाई मिति ०७२।२।२१ को कर बिजक मार्फत रु ६८,९१०।० भुक्तानी गरेकोमा बिजक नं. मेटेर अर्को कायम गरेको पाइएकोले उक्त बिलबाट भुक्तानी भएको मू.अ.कर रकम रु २८६०.०० को कर समायोजनको प्रमाण सहित उक्त बिलबाट खरिद भएका अपागंका सहायक सामाग्रीहरु सम्बन्धीतलाई बितरण गरेको भर्पाई समेत पेश गर्नुपर्ने रु.</td><td>६८,९१०.०</td></tr>
<tr><td>९५</td><td>कार्यालयले भिटामिन ए क्याप्सुल बितरणको लागि महिला स्वयंसेविका परिचालन अन्तर्गत गो.भौ.नं. ६७।०७५।३।११ बाट रु २७,८००।० खर्च लेखेको भएतापनि उक्त कार्यक्रमको लागि भएको कुल खर्च रु.१,७४,४००।० मध्ये यस शिर्षकबाट नपुग भएको भनी वित्तीय समानीकरणको पूँजिगतबाट रु.५९,४००।० खर्च लेखेको पाइयो । सर्शत चालुबाट खर्च गर्नुपर्ने रकम पूँजिगतबाट भएको देखिएकोले खर्च रकम नियमसँगत नदेखिएको रु.</td><td>५९,४००.०</td></tr>
<tr><td>९६<br>९६.१</td><td>सामाजिक सुरक्षा तर्फः<br>पाटन नगरपालिका वडा नं. १० को आ.ब. ०७३।०७४ को सामाजिक सुरक्षा भत्ता बितरण गरी भर्पाई पेश गरेकोमा एक जनालाई रु ४०००।० रकम नबुझाएको देखिएकोले उक्त रकम सम्बन्धितबाट असुल गर्नुपर्दछ ।</td><td>४०००।०</td></tr>
<tr><td>९६.२</td><td>कार्यालयले आ.ब. ०७३।०७४ मा समयमै सामाजिक सुरक्षा भत्ता बितरण गरेको पाइएन । पेश्की लिई अर्को आर्थिक बर्ष लागेपछि फछ्र्यौट गर्ने परिपाटिमा सुधार हुनुपर्दछ । सामाजिक सुरक्षा सञ्चालन कार्यविधि २०७२ (संशोधन सहित) को बुँदा १५ (ङ) मा प्रत्येक नगरपालिकामा भत्ता वितरण गर्दा वडा नागरिक मञ्च तथा स्थानीय राजनैतिक दल एवं समुदायमा आधारित संघ संस्थाका प्रतिनिधि र स्थानीय भद्र भलादमीको रोहवरमा वितरण गरेको मुचुल्का समेत तयार गरी एक प्रति नगरपालिकाको कार्यालयमा र एक प्रति लेखापरीक्षणको लागि भर्पाई सँगै राख्नुपर्ने व्यवस्था भएपतापनि त्यस्तो व्यवस्थाको परिपालना गरेको पाइएन । त्यस्तै सोही कार्यविधिको बुँदा २२ मा नगरपालिका भित्र बैंक मार्फत भुक्तानी दिन सकिने व्यवस्था भएतापनि कार्यालयले नगदै बितरण गरेको पाइयो । त्यस्तै कार्यविधिको बुँदा २९ ले गरेको व्यवस्था बमोजिम लाभग्राहीहरुको नामावली कार्यालयमा सार्वजनिक गरेको पाइएन । त्यस्तै कार्यालयले कार्यविधिको अनुसूचि ७ बमोजिमको ढाँचामा आ.ब. ०७३।०७४ का लाभग्राहीहरुको एकिकृत संख्यात्मक विवरण पनि तयार गरेको पाइएन । तसर्थ कार्यालयले वितरण गरेको सामाजिक सुरक्षा भत्ता बापत बितरण गरेको रकम सहि र यथार्थ थियो भनी भिडान गर्न सकिएन । कार्यविधि तथा निर्देशिकाले गरेको सबै</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td>व्यवस्थाको परिपालना हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>९७</td><td>वित्तीय जवाफदेहिता मूल्याङ्कन : कार्यालयले बिभिन्न ऐन कानून एवं कार्यविधिमा भएको व्यबस्थाको पालना गरी वित्तीय जवाफदेहिताको स्तर उच्च राख्नु पर्दछ । व्यबस्थापकीय, वित्तीय व्यबस्थापन, सेवा प्रवाह र खरिद व्यबस्थापन पक्षसँग सम्बन्धित विभिन्न २० सूचकको आधारमा यस कार्यालयको वित्तीय जवाफदेहिता मूल्यांकनबाट बी B ग्रेडिङ्ग प्राप्त गरेको छ । वित्तीय जवाफदेहिताको स्तरमा सुधार ल्याउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>९८</td><td>बेरुजू : पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने रु.१५ लाख ५ हजार, नियमित गर्नुपर्ने रु.२ करोड ८२ लाख २५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु.१४ लाख २ हजार र पेश्की रु.२४ लाख ५८ हजार समेत रु.३ करोड ३५ लाख ९० हजार बेरुजू कायम भएकोमा प्रतिक्रिया प्राप्त नभएकोले रु.३ करोड ३५ लाख ९० हजार बेरुजू कायम भएको छ ।</td><td></td></tr>
<tr><td>९९</td><td>अनुगमन तथा मूल्याङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू फछ्र्यौट गरेको देखिएन । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षको बेरुजू रकम (रु.) (A)</th><th>यो वर्ष फछ्र्यौट (B)</th><th>बाँकी (C= A-B)</th></tr>
<tr><td>२,५३,८०,०००.०</td><td>१,१६,०१,४९६।६०</td><td>१,३७,७८,८५०।३४</td></tr>
</table></td><td></td></tr>
<tr><td>१००</td><td>अद्यावधिक बेरुजू स्थिति : पाटन नगरपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :</td><td></td></tr>
<tr><td></td><td><table>
<tr><th>गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) C</th><th>यो वर्षको सं प.बाट कायम बेरुजू रु. (D)</th><th>यो वर्षको कायम बेरुजू रु. (E)</th><th>जम्मा बेरुजू (F=C+D+E)</th></tr>
<tr><td>१,३७,७८,८५०।३४</td><td>-</td><td>३३५९०८३०.१५</td><td>४,७३,६९,६८०.४९</td></tr>
</table></td><td></td></tr>
</table>

अनुसूची १

## पाटन नगरपालिका बेरुजू बर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)
## २०७४।७५

(रु.हजारमा)

| सि. नं. | जिल्ला | स्थानीय तहको नाम | प्रारम्भिक बेरुजू | | | समायोजनबाट फछ्र्यौट | | | बाँकी बेरुजू | | | बाँकी बेरुजू | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेश्की | | |
| | | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | कर्मचारी | अन्य | जम्मा |
| १. | बैतडी | पाटन नगरपालिका | ७४ | ३४ | ३३५९० | ० | ० | ० | ७४ | ३४ | ३३५९० | १५०५ | २८२२५ | १४०२ | ० | ० | २९६२७ | ० | २४५८ | २४५८ |

अनुसूची २

## पाटन नगरपालिका सञ्चित कोष विवरण
## २०७४।७५

(रु.हजारमा)

| क्र. सं. | स्थानीय तह | जिल्ला | गत वर्षको जिम्मेवारी | आय | | | जम्मा आय | व्यय | | | | मौज्दात |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | समानीकरण अनुदान | सशर्त तथा अन्य बजेट अनुदान | अन्य आय | | चालु खर्च | पूँजीगत खर्च | अन्य खर्च | जम्मा खर्च | |
| | | | १ | २ | ३ | ४ | ५ (२+३+४) | ६ | ७ | ८ | ९ (६+७+८) | १० (१+५-९) |
| १. | पाटन नगरपालिका | बैतडी | २१६०१ | १७९५०९ | २७८२७३ | ७१२२ | ४६४९०४ | २४८२३० | १९९४४३ | २११३९ | ४६८८१२ | १७६९३ |